# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक १३२ | काठमाडौं | आइतबार, १६ भदौ २०८१ | Prabhab National Daily | Sunday, September 01, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# पारा ओलम्पिकमा पलेशाले दिलाइन् नेपाललाई ऐतिहासिक पदक

■ प्रभाव संवाददाता



**काठमाडौं–** फ्रान्सको पेरिसमा जारी पारा ओलम्पिक प्रतियोगितामा पलेशा गोवर्द्धनले नेपाललाई ऐतिहासिक कास्यपदक दिलाएकी छन् । पलेशाले के–४४ क्याटगोरीअन्तर्गत महिला ५७ केजीमुनिको प्रतिस्पर्धामा शुक्रबार राति सर्बियाकी मारिजा मिचेभलाई १५–८ अंकले पराजित गर्दै कास्यपदक जितेकी हुन् । पारा ओलम्पिकमा नेपालले जितेको यो नै पहिलो पदक हो ।

प्रतियोगिताअन्तर्गत पहिलो चरणको प्रतिस्पर्धामा पलेशाले प्रभावशाली जित निकालेकी थिइन् । उनले भेनेजुएलाकी भलेरिया मोराल्सलाई ३१–० अंकले पराजित गर्दै क्वार्टरफाइनलमा स्थान बनाएकी थिइन् । तर, क्वार्टरफाइनलमा पलेशा ब्राजिलकी सिल्भाना फर्नान्डेससँग १०–८ अंकले पराजित भएकी थिइन् । यद्यपि, रिपाचेजमा मौका पाइन् । र, उक्त मौकालाई उनले खेर फालिनन् । फ्रान्सकी सेफी कार्भजनलेलाई २–१ ले पराजित गर्दै उनले रिपाचेजको फाइनलमा स्थान बनाएकी थिइन् । फाइनलमा सर्बियाली खेलाडीमाथि सहज जितसहित कास्यपदक हात पार्दै पारा ओलम्पिकमा पदक जित्ने पहिलो नेपाली खेलाडी बनिन् ।

पलेशाले गत चैतमा चीनको ताइयानमा भएको पारा ओलम्पिकको एसियाली छनोट प्रतियोगितामा स्वर्ण जित्दै पेरिस पारा ओलम्पिकमा सहभागिता सुनिश्चित गरेकी थिइन् । १० वर्षको उमेरदेखि तेक्वान्दो खेल्न थालेकी पलेशा २०१६ मा पारा राष्ट्रिय टिममा आबद्ध भएकी थिइन् । त्यसयता उनले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइसकेकी छन् । पारा तेक्वान्दो, जोर्डनमा २०१९ मा भएको पाँचौं एसियाली पारा खुला तेक्वान्दो र २०१९ मै टोकियो पारालिम्पक गेम्सको टेस्ट इभेन्टमा पाँचौं स्थान हासिल गरेकी थिइन् ।

(क्रमशः पृष्ठ २ मा)

# दुई महामन्त्रीको चेपुवामा देउवा

- चुनावमा गठबन्धन नगर्ने र महाधिवेशन तालिका सार्वजनिक गर्नेबारे महामन्त्री थापाको प्रस्तावमा सहमति जुटेन
- अर्का महामन्त्री शर्माको 'एक्जिट पोलिसी'मा पनि सहमति जुट्न बाँकी
- संघीय सांसद चारपटक, मन्त्री तीनपटक, प्रधानमन्त्री दुईपटक र राष्ट्रपति एकपटक तथा प्रदेशमा मुख्यमन्त्री दुईपटक, मन्त्री तीनपटक र प्रदेशसभा सदस्य चारपटकभन्दा बढी हुन नपाउने प्रस्ताव



■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पार्टीमा आफूपक्षीय दुईतिहाइभन्दा बढी केन्द्रीय सदस्य छँदा पनि चुनावी तालमेल, महाधिवेशन तालिका, 'एक्जिट पोलिसी'लगायत एजेण्डामा एकतर्फी निर्णय गर्न असमर्थ देखिएका छन् । यी तीनवटै एजेण्डा पार्टीका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माका हुन् ।

महामन्त्री थापाले आगामी २०८४ मा हुने चुनावमा कुनै दलसँग तालमेल नगर्ने र समयमै पार्टीको १५औं महाधिवेशन गर्नेगरी कार्यतालिका सार्वजनिक गर्ने प्रस्ताव गरेका छन् । 'एक्जिट पोलिसी' अर्थात् सांसद, मन्त्री र प्रधानमन्त्री कतिपटक हुने भन्ने तोक्नुपर्नेसम्बन्धी प्रस्ताव अर्का महामन्त्री विश्वप्रकाश शर्माको हो ।

दुई महामन्त्रीका यी तीन प्रस्तावको विपक्षमा संस्थापन (देउवा) पक्षीय नेताहरू छन् । तर, अब बस्ने केन्द्रीय समिति बैठकबाट पार्टीमा मौजुदा दुईतिहाइ बहुमतले निर्णय गराएर अघि बढ्न भने देउवाले हिम्मत गरेका छैनन् । महामन्त्रीद्वय थापा र शर्मा पार्टीमा संस्थापनइतर (डा. शेखर कोइराला) पक्षीय मानिन्छन् । उनीहरूले देउवालाई आफूहरूको एजेण्डा पारित गराउन दबाब बढाइरहेका छन् ।

यसबारे शनिबार देउवानिवास बूढानीलकण्ठमा पार्टीका वर्तमान र पूर्वपदाधिकारी बैठक बस्यो । बैठक विनानिष्कर्ष टुंगियो । पार्टी सहमहामन्त्री भीष्मराज आङ्देम्बेका अनुसार बैठक आज (आइतबार) पनि बस्दै छ । बैठक दिउँसो १ बजेका लागि बोलाइएको छ । 'महामन्त्रीहरूको प्रस्तावमा सहमति जुटिसकेको छैन । सहमतिकै लागि भनेर बैठक बसेका थियौं । बैठकमा प्रस्तावहरू उपर छलफल भयो । नेताहरूले आ–आफ्ना कुरा राखे तर टुंगो लागेन,' उनले प्रभावसँग भने, 'त्यसका लागि आइतबार पनि बैठक बोलाइएको छ ।' पार्टी केन्द्रीय समिति बैठक पनि आजै बस्दै छ । बैठक अगाडि नै महामन्त्रीद्वयको प्रस्तावमा सहमति जुटाउने प्रयास भइरहेको छ ।

कोइरालापक्षीय एक नेताका अनुसार देउवा आगामी २०८२ सालमै पार्टीको

> महामन्त्रीहरूको प्रस्तावमा सहमति जुटिसकेको छैन । सहमतिकै लागि भनेर बैठक बसेका थियौं । बैठकमा प्रस्तावहरू उपर छलफल भयो । नेताहरूले आ–आफ्ना कुरा राखे तर टुंगो लागेन । त्यसका लागि आइतबार पनि बैठक बोलाइएको छ ।
>
> **■ भीष्मराज आङ्देम्बे**
> **सहमहामन्त्री, नेपाली कांग्रेस**

१५औं महाधिवेशन गर्न तयार छैनन् । त्यही भएर महाधिवेशन कार्यतालिका सार्वजनिक गर्न देउवाको अनिच्छा छ, जसले गर्दा महामन्त्री थापाको कार्यतालिकासम्बन्धी प्रस्तावमा सहमति जुट्ने सम्भावना कम रहेको ती नेताको दाबी छ । थापाकै चुनावमा गठबन्धन नगर्नेसम्बन्धी अर्को प्रस्तावमा सहमति जुट्ने सम्भावना बढेको छ । कारण, पुष्पकमल दाहाल नेतृत्वको नेकपा माओवादी केन्द्र कांग्रेससँगको गठबन्धनमा छैन ।

'सहमति जुट्न बाँकी प्रस्तावहरूलाई छलफल गरेर शीर्ष तहबाट टुंग्याउनुपर्ने छ । त्यसमा पनि माओवादीसँगको गठबन्धन टुटिसकेपछि चुनावमा गठबन्धन नगर्नेबारे सहमति जुटाउन धेरै ठूलो समस्या रहेन,' ती नेताले भने, 'समस्या त एक्जिट पोलिसी र महाधिवेशनको कार्यतालिकामा हो ।'

गत वर्षको फागुनमा ललितपुरको गोदावारीमा भएको महासमिति बैठकमा महामन्त्री थापाले संगठनात्मक प्रतिवेदन पेस गर्दै २०८२ मंसिरभित्र महाधिवेशन गर्ने र आमचुनावमा एक्लै लड्ने प्रस्ताव गरेका थिए । महासमिति बैठकअघि बसेको केन्द्रीय समिति बैठकमा पनि उनको यही प्रस्ताव थियो । जतिबेला कांग्रेस माओवादीसँगको सत्ता सहकार्यमा थियो । थापाको सोही प्रस्तावले तत्कालीन माओवादी–कांग्रेस सत्ता गठबन्धनमा खपटपट पैदा भएको थियो ।

यसपछि सबै तहको निर्वाचनमा कांग्रेस एक्लै लड्ने र एकल बहुमतसहितको लोकप्रिय पार्टीको रूपमा स्थापित भाषा राखेका छन् । त्यसबेला अर्का महामन्त्री शर्माले गठबन्धनबारे निर्णय गर्न हतार गर्न नहुने प्रस्ताव ल्याएका थिए । तर, उनी पनि पछिल्लो केन्द्रीय कार्यसमितिमा संशोधित प्रतिवेदन पेस गर्दै चुनावी गठबन्धनको विपक्षमा उभिएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# 'केयर गिभर'मा लैजान इजरायलले छान्यो २२ सय नेपालीको नाम

■ प्रभाव संवाददाता



**काठमाडौं–** इजरायलले त्यहाँको दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर) पदमा लैजान छनोट भएका दुई हजार २०० जना नेपालीको नाम सार्वजनिक गरेको छ । इजरायलको जनसंख्या तथा अध्यागमन प्राधिकरण (पिबा)ले नेपालले पठाएको नामावलीबाट 'लक्की ड्र'मार्फत उक्त नाम छनोट गरेको नेपालस्थित इजरायली दूतावासले जनाएको छ ।

वैदेशिक रोजगार विभागले पिबालाई छनोटका लागि तीन हजार ४६१ जनाको नामावली पठाएको थियो । पिबाले ती नामावलीमाथि आवश्यक छानबिन गर्दै 'लक्की ड्र'मार्फत कामदारको छनोट गरेको बताइएको छ । पिबाले नामावली सूचीमा रहेका कामदारमध्ये ६० प्रतिशत महिला (एक हजार ३२० जना) र ४० प्रतिशत पुरुष (८८० जना) छनोट गरेको छ । सरोकारवालाहरूको रोहवरमा पारदर्शीरूपमा 'लक्की ड्र'को प्रत्यक्ष प्रसारण गरिएको दूतावासले उल्लेख गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले केयर गिभरमा परेका आवेदनहरूमाथि छानबिन गरिरहेका बेला इजरायलले बिहीबार 'लक्की ड्र' मार्फत कामदारको नाम छनोट गरेको छ । विभागले परेका आवेदनको आवश्यक छानबिनपश्चात् तीन हजार ४६१ जनाको नामावली इजरायल पठाएलगत्तै श्रम मन्त्रालयमा नक्कली कागजात पेस भएको भन्दै उजुरी परेको थियो । त्यसपछि मन्त्रालयले उपसचिव मेघनाथ रिमालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरी छानबिन प्रक्रिया अघि बढाएको थियो । यद्यपि, त्यसको प्रतिवेदन नआउँदै पिबाले 'लक्की ड्र'मार्फत कामदार छनोट गरेको हो ।

यसरी 'लक्की ड्र'मार्फत छानिएकामध्ये पनि उचाइ तथा स्वास्थ्य परीक्षणको मापदण्डमा असफल भए उनीहरू इजरायल जानबाट वञ्चित हुने छन् ।'

(क्रमशः पृष्ठ २ मा)

# लिस्बनबाटै दिन थालियो 'कन्सुलर' सेवा

**लिस्बन (पोर्चुगल)–** पोर्चुगलमा कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका नेपालीलाई फ्रान्सस्थित नेपाली दूतावासको टोलीले राजधानी लिस्बनबाटै कागजात प्रमाणीकरणलगायत 'कन्सुलर' सेवा दिन सुरु गरेको छ ।

दूतावासबाट आएको नियोग उपप्रमुख सीता बस्नेत नेतृत्वको दुई सदस्यीय टोलीले शुक्रबारदेखि लिस्बनबाटै कागजात प्रमाणीकरणलगायत कन्सुलर सेवा दिन सुरु गरेको हो । दूतावासले लिस्बनस्थित गैरआवासीय नेपाली संघ पोर्चुगलको कार्यालयमा घुम्ती सेवा सञ्चालन गरी कन्सुलर सेवा दिन सुरु गरेको हो । कन्सुलर सेवा सुरु भएसँगै प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) लगायत कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका सेवाग्राही नेपालीको भीडभाड लागेको छ ।

प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) लगायतका कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका नेपालीको सहजताका लागि परराष्ट्र मन्त्रालयसँगको समन्वयमा लिस्बनबाटै कन्सुलर सेवा दिन सुरु गरिएको पोर्चुगलका लागि गैरआवासीय नेपाली राजदूत तथा फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईले राससलाई जानकारी दिए । घुम्ती सेवाबाट दुई हजारभन्दा बढीले सेवा लिने अनुमान गरिएको राजदूत भट्टराईले बताए ।

(क्रमशः पृष्ठ २ मा)




# डिजेल पेट्रोलको मूल्य घट्यो

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। निगम सञ्चालक समितिको बैठकले आइतबार बिहानदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर दुई, डिजेल तथा मट्टितेलमा प्रतिलिटर एक रूपैयाँ घटाएको हो ।

आन्तरिकतर्फको हवाई इन्धनमा प्रतिलिटर पाँच रूपैयाँ र अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनमा प्रतिकिलोलिटर अमेरिकी डलर ३७ ले घटाइएको निगमले जनाएको छ ।

निगमले पेट्रोल पहिलो, दोस्रो र तेस्रो वर्गका क्षेत्रमा प्रतिलिटर क्रमशः १६०.५० रूपैयाँ, १६२ र १६३ रूपैयाँ तथा डिजेल र मट्टितेल प्रतिलिटर क्रमशः १५१.५०, १५३ र १५४ रूपैयाँ तोकेको छ ।

निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायल डिपोलाई सूचीकृत गरेको छ ।

इन्डियन आयल कर्पोरेसनबाट शनिबार प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलियम पदार्थको भाउ घटेर आएकाले स्थानीय बजारमा पनि समायोजन गरिएको निगमद्वारा जारी प्रेस विज्ञप्तिमा जनाइएको छ । एलपी ग्यासको खरिद मूल्यमा प्रतिसिलिन्डर ३५ रूपैयाँ ११ पैसाले बढेर आएको भए पनि हाललाई बिक्री मूल्य यथावत् नै राखिएको निगमले जनाएको छ ।

पृष्ठ १ बाट क्रमशः

## दुई महामन्त्रीको ...

पार्टीको संस्थापनपक्षीय नेताहरूमध्ये केहीले थापाको प्रस्तावमा संशोधन आवश्यक रहेको भन्दै आएका छन् । उनीहरूका अनुसार 'एक्लै' शब्द हटाएर 'बहुमत ल्याउने पार्टी बनाउने' भाषा राखिनुपर्छ। यति गर्दा थापाको प्रस्तावमा सहमति जुट्ने ती नेताले बताए । महामन्त्री थापा र उनी आबद्ध समूहका नेता डा. कोइराला २०७९ मा भएको तीन तहकै चुनावमा गठबन्धनको विरुद्धमा थिए । अझसम्म गठबन्धन अनावश्यक र अप्राकृतिक भन्दै आएका छन् ।

अर्का महामन्त्री शर्माको एक्जिट पोलिसीसम्बन्धी प्रस्ताव पनि सभापति देउवाका लागि टाउको दुखाइ बनेको छ । उनले कुनै नेता सांसद चारपटक, मन्त्री तीनपटक, प्रधानमन्त्री दुईपटक र राष्ट्रपति एकपटक मात्रै हुने पार्टीको नीति हुनुपर्ने प्रस्ताव अघि सारेका छन् । प्रदेशमा मुख्यमन्त्री दुईपटक, मन्त्री तीनपटक र प्रदेशसभा सदस्य चारपटकभन्दा बढी हुन नपाउने महामन्त्रीको प्रस्ताव छ। यसलाई देउवा अर्थात् संस्थापनपक्षीय नेताहरूले आलोचना गर्दै आएका छन् ।

तर, कोइरालापक्षीय नेता मधु आचार्य महामन्त्री शर्माको एक्जिट पोलिसीको अवधारणालाई मध्यमार्गी बाटोबाट पारित गर्ने गरी पार्टीभित्र छलफल भइरहेको बताउँछन् । 'महामन्त्री शर्माको प्रस्तावलाई सभापतिजीले नजरअन्दाज गर्ने अवस्था छैन । मध्यमार्गी धारबाट भए पनि सहमति खोजिन्छ र भइरहेको छ,' उनले भने, 'यो उपयुक्त विकल्प पनि हो ।'

कांग्रेस महाधिवेशन नियमित भए आगामी वर्षको मंसिरमा हुने हो । तर, विशेष परिस्थिति देखाउँदै एक वर्षपछि महाधिवेशन धकेल्न पाउने कांग्रेसको विधानले दिन्छ । उक्त अवधिमा पनि महाधिवेशन नभए संविधानमार्फत नै हरेक राजनीतिक दललाई थप छ महिना अवधि महाधिवेशनका लागि उपलब्ध छ। त्यसले गर्दा पनि महामन्त्री थापाको महाधिवेशन कार्यतालिकासम्बन्धी प्रस्ताव पारित हुनेमा संशय प्रकट भइरहेको छ । तर, महामन्त्री थापा र शर्मा सभापति देउवालाई आफ्ना प्रस्तावहरू पारित गर्न दबाब बढाइरहेका छन् । देउवा भने उनीहरूको प्रस्तावलाई खारेज गरेर अघि बढ्न चाहन्छन्। यद्यपि, दुईतिहाइ बहुमतधारी देउवालाई पेलेर आफूअनुकूल निर्णय गराएर अघि बढ्न सजिलो छैन ।

## पारा ओलम्पिकमा...

यसैगरी सन् २०१९ मा टर्कीमा भएको आठौं विश्व पारा तेक्वान्दोमा नवौं स्थान हासिल गरेकी पलेशाले साउदी अरबियामा भएको विश्व पारा तेक्वान्दो ग्रान्ड प्रिक्समा पनि सहभागिता जनाएकी थिइन् । पलेशाले 'रहर र रमाइलो'का लागि तेक्वान्दो खेल्न सुरु गरेकी थिइन् । यसरी ऐतिहासिक सफलता हात पारिएला भन्ने पलेशालाई लागेको थिएन । तर, निरन्तरको लगाव र मिहेनतले मुलुकका लागि ऐतिहासिक पदक दिलाउन उनी सफल भएकी छन् ।

बायाँ हातका औंला राम्रोसँग विकसित नभई जन्मिएकी पलेशाका लागि तेक्वान्दो नै सहास र आत्मविश्वासको माध्यम बन्दै गयो। र, सोही आत्मविश्वास र सहासले अहिले उनलाई विश्वसामु चिनाएको छ । सन् २०१७ देखि लण्डनबाट अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा पाइला चालेकी पलेशाले त्यसको सात वर्षपछि पेरिसमा पुगेर ऐतिहासिक उपलब्धि हात पारेकी हुन् ।

पलेशाले दिलाएको ऐतिहासिक पदकले विश्वभरका नेपालीहरूलाई हर्षित बनाएको छ । विभिन्न सामाजिक सञ्जालमार्फत पलेशाको प्रशंसा र उनलाई बधाई दिँदै नेपालीहरू खुसियाली मनाइरहेका छन् । यो सूचीमा राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाललगायत शीर्ष नेताहरूसमेत छन् । उनीहरूले पलेशालाई बधाई दिएका छन् ।

यो सफलतासँगै पलेशाले सरकारबाट ६५ लाख रूपैयाँ पुरस्कार पाउने भएकी छन् । राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ अनुसार उनले उक्त रकम पुरस्कारस्वरूप पाउने भएकी हुन् । नियमावलीमा व्यक्तिगत प्रतिस्पर्धामा ओलम्पिक खेल/गृष्मकालीन/शीतकालीन/पारा/विशेष तथा र विश्वकप फुटबलमा कास्यपदक जित्ने खेलाडीलाई ६५ लाख रूपैयाँ पुरस्कार दिइने उल्लेख छ । सोही नियमावलीअनुसार पलेशाका प्रशिक्षक कविराज नेगी लामाले पाँच लाख ८५ हजार र नेपाल तेक्वान्दो संघले ११ लाख ७० हजार रूपैयाँ पुरस्कार पाउने भएको छ। नियमावलीले ओलम्पिकमा व्यक्तिगततर्फ स्वर्ण विजेता खेलाडीलाई एक करोड ३० लाख र रजत पदक जित्ने खेलाडीलाई ९७ लाख रूपैयाँ पुरस्कार दिने व्यवस्था गरेको छ ।

## 'केयर गिभर'मा...

लक्की ड्रमार्फत छनोटमा परेका कामदारको नामावली विभागलाई पठाइसकिएको इजरायली दूतावासले जनाएको छ । नेपाल र इजरायल सरकारबीच भएको श्रम सम्झौताअनुसार इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा नेपाली सहायक कामदार पठाउन विभागले गत असार ११ गते आवेदन आह्वान गरेको थियो ।

सुरुमा ५०० मुख्य र ३०० वैकल्पिक गरी ८०० उम्मेदवारको माग गरिए पनि इजरायलले यो संख्या बढाएर एक हजार मुख्य र एक हजार वैकल्पिक गरी दुई हजार केयर गिभर माग गरेपछि विभागले सोहीअनुसार प्रक्रिया अघि बढाएको विभागका निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदीले बताए । चार हजार २४ जनाले आवेदन दिएकामा तीन हजार ४६१ जनाको आवेदन स्वीकृत भएको उनले जानकारी दिए । उनका अनुसार विभागले छनोटमा परेकाहरूलाई इजरायल पठाउन तत्काल आवश्यक प्रक्रिया अघि बढाउने छ। यही सेप्टेम्बरबाटै केयर गिभर पठाउन सकिने उनको भनाइ छ।

इजरायलले दीर्घकालीन स्याहार केन्द्रमा बच्चा, युवा तथा ६५ वर्ष नाघेका गम्भीर अपांगता भएका व्यक्तिको हेरचाह तथा स्याहार गर्न नेपालबाट केयर गिभरको माग गर्दै आएको छ । इजरायलमा जिटुजी सम्झौताअनुसार यसअघि झण्डै १२ सय नेपाली केयर गिभरको रूपमा कार्यरत रहेका छन्। दीर्घकालीन स्याहार केन्द्रहरूमा कामदारको अभाव बढ्दै गएपछि इजरायलले कामदार पठाउने प्रक्रिया छिटो अघि बढाउन विभागलाई आग्रह गरेको बताइन्छ ।

## लिस्बनबाटै दिन...

दूतावासले सबै खर्चको व्यवस्थापन गरेर घुम्ती सेवा सञ्चालन गरेको जानकारी दिँदै उनले दस्तुरबापतको राजस्व रकम बैंकमार्फत अग्रिम भुक्तानी गरेर कागजात प्रमाणीकरणको सेवा लिन सकिने बताए । सरकारले तोकेको राजस्व दस्तुरबाहेक कुनै पनि अतिरिक्त शुल्क लिने दूतावासको नीति नरहेको बताउँदै राजदूत भट्टराईले राजस्व दस्तुरबाहेकको अतिरिक्त रकम कोही कसैलाई नबुझाउन सेवाग्राहीलाई आग्रहसमेत गरे ।

टोलीले कन्सुलर सेवा विभाग काठमाडौंले प्रमाणीकरण गरेको प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट), जन्मदर्ता, शैक्षिक प्रमाणपत्र, नाता प्रमाणित, विवाह दर्तालगायतका कागजात प्रमाणीकरणका साथै अन्य कन्सुलरसम्बन्धी सेवा प्रदान गर्ने राजदूत भट्टराईले बताए । टोलीले सेप्टेम्बर ३ तारिखसम्म राजधानी लिस्बनमा रहेर कन्सुलर सेवा प्रदान गर्ने दूतावासले जनाएको छ। घुम्ती सेवालाई गैरआवासीय नेपाली संघ पोर्चुगलसहित यहाँ क्रियाशील नेपाली संघसंस्थाले समन्वय र सहजीकरण गरेका छन्। *रासस*

# डब्लुडब्लुजेमा खड्काको नेतृत्वमा नयाँ कार्यसमिति



■ प्रभाव संवाददाता

**काठमाडौं–** क्रियाशील पत्रकार महिला (डब्लुडब्लुजे) मा नयाँ कार्यसमिति चयन भएको छ। शनिबार यहाँ आयोजित संस्थाको १२औं साधारणसभा तथा सातौं अधिवेशनले रामकला खड्काको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो । नवनिर्वाचित अध्यक्ष खड्का हाल अन्नपूर्ण पोस्ट् दैनिकमा समाचार संयोजक छिन् ।

नयाँ कार्यसमितिको उपाध्यक्षमा चन्दा विष्ट, महासचिवमा रमिताकुमारी लामा, सचिवमा रुक्मिणी पोखरेल र कोषाध्यक्षमा दीपा आले चयन भएका छन् । त्यसैगरी विशेष सदस्यमा संगीता लामा, सदस्यहरूमा अमिका राजथला, सोनी शर्मा, शोभा मानन्धर, सीता विके, रूपा खड्का र लक्ष्मी बस्नेत चयन भएका छन् ।

अधिवेशनको उद्घाटन गर्दै बागमती प्रदेशकी सामाजिक विकासमन्त्री हरिप्रभा खड्गी (श्रेष्ठ)ले पत्रकारले राजनीतिक दबाब र प्रभावबाट टाढा रहेर काम गरेमात्र निष्पक्ष पत्रकारिता गर्न सक्ने बताइन् । पत्रकारिता क्षेत्रमा मात्र नभई महिलालाई राजनीति, सामाजिकलगायत हरेक क्षेत्रमा चुनौती भएकाले आफूले मन्त्रालयमार्फत महिलाको विकासमा काम गर्ने उनले बताइन् ।

न्यूनतम् पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगीता खड्काले क्रियाशील पत्रकार महिलालगायतका संस्थाले पत्रकारिता क्षेत्रमा धेरै अब्बल महिला नेतृत्व जन्माउन योगदान पुऱ्याएको बताइन् । नेपाल पत्रकार महासंघकी सचिव सिर्जना अर्यालले डब्लुडब्लुजेले पत्रकार महिलाको क्षमता विकास र नेतृत्व विकासमा महत्त्वपूर्ण भूमिका निभाएको धारणा राखिन् ।

कार्यक्रममा मिडिया एड्भोकेसी ग्रुप(म्याग)की कार्यकारी अध्यक्ष बबिता बस्नेत, नेपाल पत्रकार महासंघकी सल्लाहकार निर्मला शर्मा, सञ्चारिका समूहकी अध्यक्ष बिमला तुम्खेवा, डब्लुडब्लुजेकी पूर्वअध्यक्ष शुभेच्छा बिन्दु तुलाधरलगायतले अधिवेशन सफलताको शुभकामना दिएका थिए । सन् २००६ मा स्थापना भएको डब्लुडब्लुजेको हाल ४८ जिल्लामा शाखा रहेका छन् ।


**श्री नमूना मा.वि.मुर्कुची**

**रौतामाई गाउँपालिका–७, मुर्कुची, उदयपुर**

**कोसी प्रदेश, नेपाल**

**विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८१/०५/१६ गते)

यस कार्यालयको स्वकृित कार्यक्रम अनुसार Construction of Namuna Ma. Vi.School Building RRM-7, Udayapur योजनाको लागि तपसिल वमोजिमको निर्माण कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, बिडबण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website : www.rautamaimun, gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website :www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्बन्धी निर्माण कार्यको विवरण**

| सि.नं. | बोल पत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम पि.एस. आइटम र भ्याट बाहेक) रु. | धरौटी रकम | निर्माण कार्य | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | RRM/NCB/Works/02/2081-082 | Construction of Namuna Ma.Vi. School Building Murkchi, Rautamai Rural Municipality-7, Uadayapur | 1,31,60,883.97 | 3,50,000,00 | नेपाल सरकार बाट मान्यता प्राप्त फर्म, कम्पनी | रु.३,०००/- |

**प्रिन्सिपल**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**आइतबार, १६ भदौ, २०८१**

| | |
|---|---|
| **मेष** | फाइदा हेर्दा नाम बिग्रन सक्छ । |
| **वृष** | अवसरका साथ चुनौती पनि देखा पर्नेछन् । |
| **मिथुन** | विभिन्न उपहार प्राप्त हुने समय छ । |
| **कर्कट** | भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ । |
| **सिंह** | प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । |
| **कन्या** | अवसर भए पनि अध्ययनमा धेरै समय दिन नसकिएलो । |
| **तुला** | पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ । |
| **वृश्चिक** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **धनु** | मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । |
| **मकर** | मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् । |
| **कुम्भ** | स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्नेछ । |
| **मीन** | मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१६ भदौ, २०८१ (०१ सेप्टेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०१ | १३४.६१ |
| युरो | १ को | १४७.२८ | १४७.९४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.९२ | १७३.६९ |
| स्विस फ्रेन्क | १ को | १५४.४८ | १५५.१७ |
| अस्ट्रेलियन डलर | १ को | ८८.८४ | ८९.२४ |
| क्यानाडियन डलर | १ को | ९७.५९ | ९८.०२ |
| सिङ्गापुर डलर | १ को | १०१.६१ | १०२.०७ |
| जापानी येन | १० को | ९.०५ | ९.०९ |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३५.७१ | ३५.८७ |
| कतारी रियाल | १ को | ३६.७५ | ३६.९१ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.४८ | ३६.६५ |
| मलेसियन रिङेट | १ को | ३०.२४ | ३०.३८ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९२ |
| स्विडिस क्रोनर | १ को | १२.७५ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.७४ | १९.८३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.१४ | ४४०.१० |
| बहराइन दिनार | १ को | ३५५.५३ | ३५७.१३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# बौद्धमार्गीहरूले मनाए पञ्चदान पर्व



**भक्तपुर–** भक्तपुरमा शनिबार पञ्चदान पर्व मनाइएको छ । प्रत्येक वर्ष भाद्र कृष्ण त्रयोदशीका दिन बौद्ध दर्शनमा पवित्र मानिएको दानको महत्त्व दर्शाउने पञ्चदान पर्व शनिबार बौद्धमार्गीहरूले भव्यरूपमा मनाएका हुन् । नेपाल सम्वत् ७७५ मा मल्ल राजा नरेश मल्लको शासनकालमा जयदेव बज्राचार्यले यो पर्व प्रचलनमा ल्याएको इतिहास छ ।

शनिबार पाँच दीपंकरहरूलाई भक्तपुर नपा-९ सूर्यमढीस्थित आदिपद्म महाविहारमा भेला गराएर त्यहाँ विशेष पूजा सम्पन्न गरेपछि पाँच दीपंकर बुद्धलाई बाजागाजासहित भक्तपुर नगरका १० वटै वडाका टोल-टोलमा परिक्रमा गराइएको थियो । काठमाडौंस्थित प्रशन्नशील महाविहार, गोल्मढीको झौरबही, साकोठाको चतुर्ब्रम्ह महाविहार, इताछेंस्थित थथुबही अर्थात् जयकीर्ति विहार र भार्वाचोको कुथुबही अर्थात् बौद्ध समकृत विहारमा रहेका पाँच दीपंकरहरूलाई भक्तपुर नगर परिक्रमा गराइएको थियो ।

यस पर्वमा बौद्धमार्गी नेवारहरूले आफ्नो वरपर रहेका विभिन्न विहार, बही, चोक र घरमा दानशाला बनाइ अन्न, फलफूल र दक्षिणा दान दिएका थिए । बुद्ध धर्मका अनुयायी बज्राचार्य, बुद्धाचार्य, शाक्यलगायत भने उक्त टोलटोल पुगेर अन्न, फलफूल र दक्षिणा दान लिन दिनभर भिक्षाटनमा सहभागी भए ।

काठमाडौं उपत्यका र अन्यत्र मनाइने पञ्चदान पर्वभन्दा भक्तपुरको पञ्चदान पर्व फरक र विशेष किसिमको रहेको स्थानीय देवचन्द्र बज्राचार्यले जानकारी दिए । भक्तपुरमा ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व रहेको पाँचवटा महाविहारमा विराजमान दीपंकर बुद्धहरूलाई नगर परिक्रमा गराइएर पञ्चदान पर्व मनाइने उनले बताए ।

दीपंकर बुद्धसँगै बौद्धमार्गीहरू बौद्ध परम्पराअनुसार पिण्डपात्र (गुलुपा) हातमा लिएर भिक्षाटनमा सहभागी हुने बज्राचार्यले जानकारी दिए । भक्तपुर नगरको पूर्वआदिपद्म महाविहारबाट सुरु भएको पूजा नगरको पश्चिम थथुबहीमा पुगेर सम्पन्न गरिने परम्परा रहेको छ ।

शनिबार अपरान्ह पाँच दीपंकरहरूलाई टौमढीमा एकैपटक भेला गराइ संयुक्त पञ्चदान पर्व मनाएर समापन गरिएको उनले बताए । टौमढीस्थित पश्चिम डबलीमा पाँचवटै दीपंकरलाई लस्करै राखेर विभिन्न बाजागाजा बजाएर संयुक्त पञ्चदान गरिएको हो ।

यस पर्वको प्रमुख विशेषता गुँलाबाजा बजाउनु नै हो भन्दै पुष्परत्न शाक्यले टौमढीमा बौद्धमार्गीहरूले दानगाथा र स्त्रोत्र वाचनसँगै गुँलाबाजा बजाउने परम्परा रहेको बताए । बौद्धमार्गीहरूको पञ्चदान पर्वमा मात्रै बजाइने गुँलाबाजा दीपंकर बुद्ध यात्राको क्रममा परम्परागत गुँला धाः बाजा, प्वंगाबाजा, दाफा भजन शृंगभेरी बाजाको सांगीतिक समूहहरूले आ-आफ्नो बाजाको प्रदर्शनी गर्ने प्रचलन रहेको उनले बताए । विहार र बहीहरूमा संरक्षित बौद्ध सम्पदाहरूको प्रदर्शनसमेत गर्ने परम्परा रहेको छ । बौद्धमार्गीले आफूले आर्जन गरेको आयको केही अंश दानका लागि राख्ने र सोही दान पञ्चदान पर्वमा दिने प्रचलन रहँदै आएको शाक्यले बताए ।

देवचन्द्र बज्राचार्यले पाँच दीपंकर बुद्धलाई पाँच पाण्डव भनेर विभिन्न समाचारदेखि व्यक्तिहरूले चर्चा गरेकामा गुनासो गर्दै यो पाँच पाण्डव नभई पाँच दीपंकर भएको स्पष्ट पारे । भक्तपुर नगरपालिकासँगै मध्यपुर थिमि, काठमाडौं, कीर्तिपुर, काभ्रेको नाला, बनेपा र चीनको ल्हासामासमेत पञ्चदान पर्व मनाइने प्रचलन रहेको बताइन्छ । *रासस*

# ‘सूचनाको हक इमान्दारीपूर्वक कार्यान्वयन गर्नुपर्छ’

**ललितपुर (प्रस)–** राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. महेन्द्रमान गुरुङले सूचनाको हक हरेक क्षेत्र तथा निकायले इमान्दारीपूर्वक कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् ।

सूचनाको हकका लागि राष्ट्रिय महासंघद्वारा शनिबार ललितपुरको गोदावरीमा दिगो सूचना प्रवर्द्धन परियोजनाअन्तर्गत नागरिक समाजका प्रतिनिधिलाई सूचनामा दिगो पहुँचमा पुर्‍याउन आयोजित प्रशिक्षक प्रशिक्षणको उद्घाटनसत्रमा प्रमुख सूचना आयुक्त डा. गुरुङले सूचनाको हक नागरिकको अधिकार भएकाले यसलाई अभियानका रूपमा लगिनुपर्ने बताए । उनले सूचना माग्नेलाई कानुनले व्यवस्था गरेअनुसार उपलब्ध गराउनुपर्ने भन्दै सूचना लुकाउनु जायज नहुने धारणा राखे । मधेस र लुम्बिनी प्रदेशमा सूचनामा दिगो पहुँच प्रवर्द्धन गर्ने उद्देश्यले प्रशिक्षक प्रशिक्षण आयोजना गरिएको डा. गुरुङले जानकारी दिए । उनले सूचनाको हक संविधानको धारामा मात्र व्यवस्था नभई अभ्यास र कार्यान्वयन हुनु जरुरी रहेको बताए ।

‘सार्वजनिक निकायको सूचना नागरिकले कानुनमा व्यवस्था भएअनुसार प्राप्त गर्न पाउनुपर्दछ । मुलुककमो संविधानमा पनि सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ,’ प्रमुख सूचना आयुक्त डा. गुरुङले भने, ‘यसले भ्रष्टाचार, अनियमितता उजागर गर्न सहयोग पुर्‍याउँछ । आमनागरिकलाई सूचनाको हकका बारेमा बुझाउन आवश्यक छ ।’

सूचनाको हक नेपालमा भएका कानुनमध्ये सबैभन्दा सरल कानुन भएको र यो अभ्यासबाट सार्वजनिक निकाय सचेत र इमान्दार हुनुपर्नेमा उनले जोड दिए । प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने बताउँदै उनले सोही अधिकारीले नागरिकलाई आवश्यक सूचना उपलब्ध गराउनुपर्ने उल्लेख गरे । महासंघका अध्यक्ष उमिद बागचन्दले सूचनाको हकलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउँदै देशभरका नागरिकलाई सुसूचित गराउन यो प्रशिक्षण आयोजना गरिएको बताए ।

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०५/१६

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २१९३ मिति २०८०/११/०२ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ३४७ मिति २०८१/०५/०४ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना र खयर जातका गोलिया थान १६४ को ४४५।०४ काठ, साल जातको दाउरा १.०० चट्टा लाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिनभित्र प्रत्येक लटको छुट्टा-छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री कन्यश्वरी सामुदायिक वन उपभोक्ता समूह**

**राप्ती सोनारी-छ, बाँके**

# रातभर जाग्राम बस्छन् मध्यवर्ती क्षेत्रका स्थानीय

**इनरुवा (सुनसरी)–** बराहक्षेत्र नगरपालिका-२ पुनर्वासका स्थानीय जंगली हात्तीको त्रासमा रातभर जाग्राम बस्छन् । कोसी टप्पु वन्यजन्तु आरक्ष र आसपासका जंगलबाट आउने हात्तीको त्रासका कारण मध्यवर्ती क्षेत्रका बासिन्दा जाग्राम बस्दै आएका हुन् ।

पूर्ववडाध्यक्ष हरिकृष्ण भट्टराईले नसुतेको एक साताभन्दा बढी भएको बताए । उनले राति जंगलबाट आउने हात्तीको त्रासमा राति नसुतेको एक साता भएको बताए । प्रत्येक रात लाइट बोकेर हात्ती धपाउनुपर्ने आफ्नो दिनचर्या भएको उनको भनाइ छ ।

दिनभरि बाहिर काम गरेर राति आराम गरिरहेको बेलामा दैनिक जंगलबाट आउने हात्तीका कारण जाग्राम बस्नुपर्ने बाध्यता रहेको भट्टराईले बताए । हात्ती धपाउँदा धपाउँदै रात बित्ने गरेको उनको भनाइ छ ।

भट्टाराई जस्तै बराहक्षेत्र-२ पुनर्वासका चन्द्रबहादुर मगरको अवस्था पनि उस्तै छ । दैनिक वन्यजन्तु आरक्ष तथा अन्य जंगलबाट आउने हात्तीका कारण समस्या हुँदै आएको उनले बताए । यही भदौ १२ गते राति आएको हात्तीको समूहले घरमा क्षति पुर्‍याएको उनले जानकारी दिए ।

यस क्षेत्रमा दैनिकरूपमा आरक्षबाट आउने हात्तीले आर्थिक तथा भौतिक क्षति गर्ने गरेका छन् । हात्तीपीडित भएकालाई सरकारले क्षतिपूर्ति उपलब्ध गराउँदै आए पनि त्यसले पर्याप्त नभएको स्थानीय बताउँछन् । क्षतिपूर्तिले मात्र सबै समस्याको समाधान नहुने भएकाले दीर्घकालीन रूपमा यसको समाधान खोज्न स्थानीय सरकार र प्रशासनलाई पटक-पटक आग्रह गरिएको मगरले बताए ।

हात्तीका कारण समस्या हुँदै आएको र यसबाट पीडितलाई सुविधा र सुरक्षा दिन नसकिएको आरक्ष प्रशासनले जनाएको छ । गत साउनदेखि हालसम्म १०० भन्दा बढी परिवारले क्षतिपूर्तिका लागि वन्यजन्तु आरक्षमा निवेदन दिएका बराहक्षेत्र-२ का वडाध्यक्ष होमप्रसाद गौतमले जानकारी दिए । *रासस*

# बेनीघाट रोराङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

विशालटार, धादिङ

## आ.व. २०८१/०८२ को लागि नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१ भाद्र १६ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को घ (६) तथा सोही ऐनको दफा ६२ तथा बेनीघाट रोराङ गाउँपालिकाको आर्थिक ऐन, २०८१ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी बागमती प्रदेश आर्थिक ऐन, २०८१ बमोजिम बेनीघाट रोराङ गाउँपालिकाले तोकेको दरमा बिक्री गर्नको लागि बोलपत्र आव्हान गरिएको छ । इच्छुक फर्म/कम्पनीहरूले फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७९/०८० को आयकर चुक्ता प्रमाण पत्र, र नेपाली नागरिकताको प्रतिलिपिहरु संलग्न गरी सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेवसाइट www.bolpatra.gov.np/egp मार्फत् बोलपत्र कागजात प्राप्त गरी बोलपत्र कागजातमा रहेका शर्तहरूको अधिनमा रही तोकिएको मिति र समय भित्र www.bolpatra.gov.np/egp मार्फत (विद्युतिय माध्यमबाट) बोलपत्र प्रकृयामा बढाबढ हुने गरी सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | आ.व. २०८०/०८१ का लागि कायम वार्षिक न्यूनतम अंक (मु.अ. कर बाहेक) | संकलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र फाराम दस्तर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १. | BRRM/REV/02/2081/082 | ढुंगा, गिट्टी, बालुवा, वेस, चिप्स लगायत नदीजन्य पर्दाथहरूको बिक्री शुल्क उठाउने कार्य । | रू. १,७३,१४,७३६।०४ (अक्षरेपी एक करोड त्रिहत्तर लाख चौध हजार सात सय छत्तिस रूपैयाँ चार पैसा मात्र) | ७०,१११।५० घन मिटर | ५,०००।- (पाँच हजारमात्र) | कबोल अंकको ५ प्रतिशत |

बोलपत्र खरिद तथा पेश गर्नुपर्ने अन्तिम मिति : २०८१ असोज १५ गते १२:०० बजे सम्म

**बोलपत्र खोल्ने मिति, समय र स्थान:**

मितिः २०८१ असोज १५ गते

समयः दिनको १२:३० बजे,

स्थानः बेनीघाट रोराङ गाउँपालिकाको कार्यालय, विशालटार, धादिङ ।

बैंकको नाम : प्रभु बैंक शाखा बेनीघाट

बैंक खाता नं. : ०८३००९४६३६३०००८१ (बोलपत्र फाराम खरिदको लागि)

बैंक खाता नं. : ०८३००९४६३६३०००५१ (धरौटीको लागि)

प्रमुख प्रशासकीय अधिकृत


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Imerald World For Marble & Stone

पूर्व स्वीकृति मिति : २०८१/०५/१४ | LT. No. 309861 | चलानी नं. ६०२२४५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 3 | 0 | 1000 | ३५,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २३ गते (8th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**

K.B INTERNATIONAL EMPLOYMENT (P) LTD

Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAIT AK TAPOKKI RESTAURANTCOMPANY

पूर्व स्वीकृति मिति २०८१/०५/१५ | LT. No. 309851 | चलानी नं.: ६०२२४५००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 1 | 120 | ५२,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | ASSISTANT COOK (MALE) | 1 | 0 | 125 | ५४,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २३ गते (1st Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YOUTH MANPOWER PVT.LTD.**

License No. : 757/064/065

Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-4566055, 4466966

E-mail : youthmanpower757@gmail.com, info@youthmanpower.com

Mobile: 9851090996 /9809393801/9809393802

## युएईमा रोजगार

कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C.

शहर : Abu Dhabi

पूर्व स्वीकृति मिति : २०८१/०५/१४ | LT. No. 309749 | चलानी नं. ६०२२४४५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 800 | २९,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २३ गते (8th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRAND PEARL INTERNATIONAL PVT. LTD.**

Govt. License 155/079/80

Kathmandu-3, Basundhara,Kathmandu, Nepal, Contact: +977-1-4975660, 9801590740, Butwal Branch : 9867893930

Email: info@grandpearl.com.np, grandpearl555@gmail.com, Web: www.grandpearl.com.np

## साउदीमा रोजगार

कम्पनी : ABYAT AND EBDAA COMPANY FOR GENERAL CONTRACTING

शहर : Saudi Arabia, Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/१४ | LT. No. 309752 | चलानी नं. ६०२२४४९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 48 | 0 | 1200 | ४२,८९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ABYAT AND EBDAA COMPANY FOR GENERAL CONTRACTING | शहर : Saudi Arabia, Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/१४ | LT. No. . 309753 | चलानी नं. ६०२२४४९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 52 | 0 | 1200 | ४२,८९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २३ गते (8th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Avion Human Resource Management Pvt. Ltd.**

श्रम इजाजत नं. १५२४/०७४/७५

Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.

Tel No.: +977 1 4499632, 4484744 Fax: +977-1-4479363

Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# पलेशालाई बधाई

फ्रान्सको राजधानी पेरिसमा सम्पन्न गृष्मकालीन ओलम्पिकमा नेपालको सहभागिता निराशाजनक रह्यो । पदक जित्नु त के कुनै पनि खेलाडीले राम्रो प्रदर्शन गर्न सकेनन् । पेरिसमै अहिले १७औं गृष्मकालीन पारा ओलम्पिक चलिरहेको छ । शारीरिक अपांगता तथा फरक क्षमता भएका खेलाडीहरूको यो विश्वव्यापी प्रतियोगितामा भने नेपाललाई ऐतिहासिक पदक हात परेको छ । नेपाललाई पहिलो ऐतिहासिक कास्यपदक दिलाउने खेलाडी हुन्, तेक्वान्दोकी पलेशा गोवर्द्धन ।

प्रतियोगितामा पलेशाले के-४४ क्याटगोरीअन्तर्गत महिला ५७ केजीमुनिको प्रतिस्पर्धामा शुक्रबार राति सर्बियाकी मारिजा मिचेभलाई १५-८ अंकले पराजित गर्दै कास्यपदक जितेकी हुन् । पारा ओलम्पिकमा नेपालले जितेको यो नै पहिलो पदक हो । प्रतियोगिताअन्तर्गत पहिलो चरणको प्रतिस्पर्धामा पलेशाले प्रभावशाली जित निकालेकी थिइन् । उनले भेनेजुएलाकी भलेरिया मोराल्सलाई ३१-० अंकले पराजित गर्दै क्वार्टरफाइनलमा स्थान बनाएकी थिइन् । तर, क्वार्टरफाइनलमा पलेशा ब्राजिलकी सिल्भाना फर्नान्डेससँग १०-८ अंकले पराजित भएकी थिइन् । यद्यपि, रिपाचेजमा मौका पाइन् । र, उक्त मौकालाई उनले खेर फालिनन् ।

फ्रान्सकी सेफी कार्भजनलेलाई २-१ ले पराजित गर्दै उनले रिपाचेजको फाइनलमा स्थान बनाएकी थिइन् । फाइनलमा सर्बियाली खेलाडीमाथि सहज जितसहित कास्यपदक हात पार्दै पारा ओलम्पिकमा पदक जित्ने पहिलो नेपाली खेलाडी बनिन् । इतिहास रचेकी पलेशालाई हार्दिक बधाई । साथै, मुलुकको नाम अन्तर्राष्ट्रिस्तरमा चिनाउन सफल भएकोमा धन्यवाद । किनकि, पलेशाले दिलाएको ऐतिहासिक पदकले विश्वभरका नेपालीहरूलाई हर्षित बनाएको छ । विभिन्न सामाजिक सञ्जालमार्फत पलेशाको प्रशंसा र उनलाई बधाई दिँदै नेपालीहरू खुसियाली मनाइरहेका छन् । यो सूचीमा राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालगायत शीर्ष नेताहरूसमेत छन् ।

जारी प्रतियोगितामा सहभागी नेपाली खेलाडीहरूमध्ये पलेशाबाटै पदक आशा गरिएको थियो, जुन उनले पूरा गरिदिइन् । अन्तर्राष्ट्रिय प्रतियोगितामा पदकको खडेरी सामना गरिरहेको नेपाललाई पलेशाले राहत दिलाएकी छन् । सहभागितामै सीमित हुनबाट जोगाइन् । मुलुकको खेलकुद विकासमा राज्यको ध्यान पुग्न नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकिरहेको छैन । अझ नेपाली खेलकुद आन्तरिक किचलोमा फसेको छ । खेलकुद विकास र खेलाडीको क्षमता अभिवृद्धि तथा उनीहरूलाई हौसला बढाउने कार्य भन्दा बढी राजनीति चल्ने गरेको छ । पदकको मात्र आशा गर्ने प्रवृत्ति अब अन्त्य गर्न जरुरी छ । पारा ओम्पिकजस्ता प्रतियोगितामा नियमित सहभागिता गराउने सम्बन्धित निकायले अब पदक लक्षित योजना बनाउन प्राथमिकता दिनुपर्छ । अनिमात्र अरू पलेशाहरू जन्मिने छन् ।

# संसद्प्रतिको आस्था र नागरिक समाजको खबरदारी



■ हरिविनोद अधिकारी

हामीसँग अहिले संसद् र सांसदहरूको संख्याभन्दा गुणात्मकरूपमा संसद्प्रति र जनताप्रति कति सांसदहरु उत्तरदायी छन् भन्ने प्रश्न नागरिक तहमै उठ्न थालेको छ र अहिलेदेखि नै २०८४ सालको निर्वाचनका बारेमा एकले अर्कालाई देखाउने होडबाजी सुरू भएको छ । तर राजनीतिक पर्यवेक्षक ठान्दछन्, यदि सांसदले संसद्को गरिमा राख्नेगरी वस्तुगतरूपमा प्रस्तुत भएर जनताका पक्षमा बोल्न सकेनन् भने साँच्चै २०८४ सालको निर्वाचनमा एउटा अहम् प्रश्न नागरिकसामु उब्जने छ, केका लागि संसद् र सांसद ?

प्रजातन्त्र या लोकतन्त्रलाई आफ्नै तरिकाले परिभाषित गर्ने र व्याख्या गर्ने परम्परा विकास भएको छ । परिभाषा या व्याख्या जसरी जसले तयार गरे पनि प्रजातन्त्रका हुनै पर्ने तत्त्वहरू हुन्- व्यक्तिगत स्वतन्त्रताको संवैधानिकरूपमा नै प्रत्याभूति, बहुलवादको अभ्यास, बहुसंख्यकको आवधिक शासन र अल्पसंख्यकको अधिकार सुरक्षित गरिँदै उनीहरूको सम्मान हुनु । सर्सर्तीरूपमा हेर्दा सामूहिक निर्णयको आधारमा शासन पद्धतिको विकास र शासन पद्धतिलाई चलायमान बनाउनका लागि चाहिने नियम, कानुनको निर्माणमा नागरिकको सहभागिता र नागरिक अधिकारमा समानता प्रजातन्त्रका मूलभूत सिद्धान्त मानिन्छ ।

संसदीय लोकतान्त्रिक या संसदीय प्रजातान्त्रिक शासन प्रणाली भनेको नै जनताको मतले छानेका प्रतिनिधिले गर्ने शासन व्यवस्था हो । यो व्यवस्थामा संसद्को स्थान सर्वोपरी हुन्छ । जनताले छानेका प्रतिनिधिमध्येबाटै शासनको जिम्मा लिने चलन हुन्छ । संसद्ले नै सरकारको उत्पत्ति गराउँछ र सरकार संसद्प्रति उत्तरदायी हुन्छ । त्यसैले प्रजातन्त्र या लोकतन्त्रको आधारभूत संस्था भनेको नै जनताले चुनेको संसद् हो, जसले बनाउने कानुनका आधारमा राज्य सञ्चालन हुन्छ, गरिनुपर्छ ।

संसारका जहाँसुकैका जनतालाई पनि लोकतन्त्र आवश्यक पर्दछ । जनताले समानताको हकलाई प्रयोग गर्ने भनेको नै संसदीय व्यवस्थामा मात्र हो । त्यहाँ जनताका बारेका जनताले चुनेका प्रतिनिधिले जनताका आवश्यकताका बारेमा सरकारको ध्यानाकर्षण गराउँछन् किनभने सरकारलाई त्यही संसद्ले निर्माण गरेको हुन्छ । प्रजातन्त्रमा व्यवस्था गरिने संसद्ले नै असहमतिमा सहमतिको वातावरण तयार गर्छ र असहमतिलाई बहस, विवाद र छलफलबाट सहमतिमा बदल्न मञ्चको भूमिका निर्वाह गर्छ ।

प्रजातन्त्रमा केही आवश्यक तत्त्वहरू निहित हुन्छन्, तीनै तत्त्वहरूको समग्रतालाई नै प्रजातन्त्रको स्वरूप मानिन्छ । प्रजातन्त्रमा आवधिक निर्वाचन, शक्तिपृथकीकरण, राजनीतिक दल, बहुलवाद, असल शासन, मेलमिलाप र शान्ति, मानवअधिकार, लैंगिक समानता, नागरिक समाजको खबरदारी, संसद्, केन्द्रीय सरकार, प्रतिपक्षी दल, स्थानीय सरकार, राजनीतिक संस्कृति (सहिष्णुता, स्वस्थ आलोचना, पारदर्शिता र व्यक्तिगत तथा सामूहिक दायित्वबोध), सार्वजनिक क्षेत्र तथा भूमण्डलीकरणप्रति आधारित अर्थतन्त्रको व्यवस्था समग्रमा समेटिएका हुन्छन् । कतिपय तत्त्वहरू एकअर्कामा निर्भर हुन्छन् र सरकारले त्यसको समन्वय गरेर शासन सञ्चालन गर्नुपर्छ ।

संसारभरका प्रजातान्त्रिक वा राष्ट्रपतीय शासन भएका मुलुकमा पनि संसद्को महत्त्वपूर्ण भूमिका हुन्छ किनभने संसद्को अनुमतिविना न त राज्यका कुनै अंगको गठन गर्न सकिन्छ, न त कुनै न्यायाधीशको नियुक्ति सम्भव छ, न त कुनै आय या व्ययको सिद्धान्त पारित नै हुनसक्छ । संसद्को अनुमतिविना न त जनताका तर्फबाट आम्दानी गर्न पाइन्छ, न त जनताले दिएका पैसाको खर्च गर्न पाइन्छ । त्यसैले संसद् वा जनताले प्रत्यक्ष निर्वाचित संस्थाले मात्र जनताका हकअधिकारको संरक्षण गर्न सक्दछ भन्ने ध्येयले नै दिगो विकासको लक्ष्य २०३० पूरा गर्नका लागि पनि संसद्बाट स्वतन्त्र प्रेसको जगेर्ना नै सरकारको मुख्य कार्यक्रम हुनुपर्छ भन्ने अवधारणा संयुक्त राष्ट्रसंघमा तय गरिएको हो । अर्थात् जनताका आवश्यकता पूरा गरी प्रजातन्त्र भनेको जनताका लागि नै हो भन्ने कुरा पूरा गर्न अबका छ वर्षमा सक्नैपर्छ र मात्र दिगो विकास सम्भव छ भन्ने धारणा राष्ट्रसंघले पनि दिएको छ ।

यहाँ स्मरणीय छ, अन्तरव्यवस्थापिका संघले घोषणा गरेको अन्तर्राष्ट्रिय प्रजातन्त्रको प्रवर्द्धन र सम्बर्द्धनका लागि तयार गरेको घोषणापत्रलाई संयुक्त राष्ट्रसंघले अनुमोदन गर्दै प्रजातन्त्रका लागि प्राणवायु भनेको नै जनताले चुनेका प्रतिनिधिको साझा संस्था संसद्मार्फत जनताका परिवर्तित भावनाको सम्बोधन गरिनुपर्ने र संसद्प्रति उत्तरदायी सरकारले मात्र जनताका अपेक्षा पूरा गर्ने भनेको छ । प्रजातन्त्रमा संसद्ले मात्र सार्वजनिक संस्थामा जनताको निर्वाध सहभागिताको प्रत्याभूत गर्न सक्दछ र जनताको शासनको पनि प्रत्याभूति दिन सक्दछ ।

लोकतन्त्रको जग भनेको जनता नै हो, जनताको प्रतिनिधि भनेको निर्वाचित संसद् हो । संसद्ले मात्र आमनागरिकलाई विभिन्न किसिमका मौलिक अधिकारको प्रत्याभूति दिन सक्दछ । त्यसैले कुनै व्यवस्था लोकतान्त्रिक हो कि होइन भन्ने कुरा संसद्को स्वायत्तताले र स्वतन्त्रतापूर्वक काम गर्न पाउने क्षमताको स्वरूपले निर्धारण गर्दछ । संसद् जति जनसहभागितामूलक हुनसक्यो, जति समावेशी हुन सक्यो, जति जनताको भावना समेट्न सक्यो, जनताका हकअधिकार त्यति नै सुरक्षित र सम्मानित हुन सक्दछ, जनताको अपनत्व पाउन सक्छन् । अर्थात् जनताको प्रत्यक्ष प्रतिनिधित्व भएको संस्था संसद्ले मात्र जनताको सेवामा आफूलाई समर्पण गर्न सक्छ ।

हामीले पनि प्रजातन्त्र वा लोकतन्त्रलाई जीवनपद्धतिको संस्कृति बनाउने प्रयास जारी राख्नु छ र विश्व संस्थाले पारित गरेको र नेपाल पनि संसद् त्यस्ता धेरै सन्धि, महासन्धि तथा अभिसन्धि, घोषणापत्रमा हस्ताक्षर गर्ने देश भएकाले लोकतन्त्रको विश्वव्यापी घोषणापत्रलाई आत्मसात् गर्दै आजको लोकतन्त्रको वातावरणमा सजग तथा निरन्तररूपमा लोकतन्त्रका लागि संघर्षरत नेपाली जनतासमक्ष प्रस्तुत गर्नु आवश्यकसमेत भइसकेको छ ।

अबका केही वर्षमा जनताका सम्पूर्ण आवश्यकता पूरा गर्नका लागि लाग्नु अत्यन्त गरिब देशबाट सामान्य आय भएको देशका रूपमा परिणत हुन पनि प्रजातन्त्रको दिगो विकासबाट मात्र सम्भव हुने छ र लोकतन्त्रलाई आत्मसात् गर्नु भनेको यसका सिद्धान्तलाई राष्ट्रको र जनताको दैनिक कार्यसूचीमा रूपान्तरण गर्न संसद्को निरन्तर निगरानीमा रहनु पनि हो । यस सम्बन्धमा व्यापक छलफल गरी संसद्प्रति आधारित र जनमुखी लोकतन्त्रलाई जीवन संस्कृतिको रूपमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने सकारात्मक बहस चलाउन जरुरीसमेत भएको छ ।

अहिले हामी नयाँ संविधान कार्यान्वयनको क्रममा छौं । संविधानको कार्यान्वयनको क्रममा स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न गरेको पनि दुई वर्ष भइसकेको छ, दोस्रो आमनिर्वाचन र प्रदेशसभाको निर्वाचन सम्पन्न गरी संघीय, प्रादेशिक नयाँ सरकारहरूले पनि दोस्रोपटक आफ्ना-आफ्ना नीति तथा कार्यक्रम प्रस्तावित गरी कार्यान्वयनको चरणमा छौं । अहिले हामीसँग संघीय संसद्मा प्रतिनिधिसभा र राष्ट्रियसभा, प्रादेशिक सभा सातवटा र ७५३ वटा स्थानीय तहका नगर तथा गाउँसभा छन्, जसले तीन तहका सरकारको संसद्को काम गरिरहेका छन् ।

जनगुनासो बढेको छ कि संसद्प्रति सांसदको दायित्व पूरा हुन सकेको छैन । अझ कतिपय समयमा त संघीय संसद्को प्रतिनिधिसभामा गणपूरक संख्या नपुगेर बैठक नै स्थगित भएका र प्रस्ताव गर्न लागेका विधेयक या महत्त्वपूर्ण जनसरोकारका विषय अर्को बैठकमा प्रस्तुत गर्नुपर्ने अवस्था सुनिन्छ, देखिन्छ । संसद्का अधिवेशन हुन थालेर पनि संसद्का समिति गठन समयमा नै हुन नसकेका उदाहरण छन् । यसले गर्दा सांसदहरू भनेको जनता र सरकारबीचमा रहेका सेतु हुन् किनभने जनताले संसद्मा आवधिक धारणा प्रस्तुत गरून् र जनअपेक्षा पूरा गरून् भने प्रत्यक्ष या समानुपातिकरूपमा निर्वाचित गरेर पठाएका हुन्छन् । मूलतः संसद् जनताप्रति उत्तरदायी हुनुपर्छ, सरकार जनताप्रति जवाफदेही हुनका लागि संसद्प्रति जवाफदेही हुनैपर्छ ।

हामी नयाँ लोकतन्त्रमा पनि पर्दछौं र पुनःस्थापित लोकतन्त्रमा पनि पर्दछौं । हामीमा राजनीतिक असहिष्णुता चुलिएको छ । निरन्तरताको सजगता नै लोकतन्त्रको आवश्यक पहिचान हो । जनताका आवश्यकता पूरा गर्न र विश्वमा आफ्नो पहिचान कायम गर्न पनि आवश्यक परे संसद्मार्फत संविधानसमेतमा संशोधन गरेर भए पनि जनताका आवश्यकता पूरा गर्न संसद्भित्र रहेका सांसदहरू नै लाग्नुपर्छ । आजको विश्वमा लोकतन्त्रको वा प्रजातन्त्रको विकल्प भनेका समावेशी लोकतन्त्र या प्रजातन्त्रमात्रै हो र प्रजातन्त्रमा मात्र जनताको आवश्यकता पूरा गर्न संसद्मार्फत दिगो विकासका लागि काम गर्न सम्भव छ ।

संसदीय व्यवस्था अंगीकार गरेका प्रजातान्त्रिक देशमा सरकार बनाउने, परिवर्तन गर्ने र जनताका आधारभूत आवश्यकता पूरा गर्ने गराउने काममा संसद्ले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकै हुनुपर्छ । हाम्रो देशमा त नयाँ संविधानले तीन तहको सरकारमा नै संसद्को व्यवस्था गरेको छ- गाउँपालिकामा गाउँसभा, नगरपालिकामा नगरसभा, प्रदेशमा प्रदेशसभा र संघमा संघीय संसद्, आवधिक प्रतिनिधिसभा र स्थायी राष्ट्रियसभा । कतिपय स्थानीय तहमा स्थानीय संसद्मा दलका कारणले असहिष्णुता देखाएर काम ठप्प हुने, प्रदेशसभाहरूमा पनि आपसमा समन्वय नहुने, अनि संघीय संसद्मा पनि जनताका अपेक्षाभन्दा दलीय राजनीतिक स्वार्थका कारणले अपेक्षित कानुन बन्न नसक्ने, गम्भीरताका साथ जनताका आवश्यकता पूरा गर्नका लागि ध्यान नदिने काम भएको छ भन्ने अवस्था आउन दिनु हुँदैन । यसले संसदीय प्रजातन्त्रप्रति नै निराशा, वितृष्णा बढेको स्पष्ट संकेत आउन थालेको समयमा निरन्तरताको सजगताका आधारमा संसद्प्रति आस्था हुनेहरूले त्यो व्यवस्थाका पक्षमा सांसदलाई सजग बनाउने कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ नागरिक समाजका तर्फबाट ।

हामीसँग अहिले संसद् र सांसदहरूको संख्याभन्दा गुणात्मकरूपमा संसद्प्रति र जनताप्रति कति सांसदहरू उत्तरदायी छन् भन्ने प्रश्न नागरिक तहमै उठ्न थालेको छ र अहिलेदेखि नै २०८४ सालको निर्वाचनका बारेमा एकले अर्कालाई देखाउने होडबाजी सुरु भएको छ । तर राजनीतिक पर्यवेक्षक ठान्दछन्, यदि सांसदले संसद्को गरिमा राख्नेगरी वस्तुगतरूपमा प्रस्तुत भएर जनताका पक्षमा बोल्न सकेनन् भने साँच्चै २०८४ सालको निर्वाचनमा एउटा अहम् प्रश्न नागरिकसामु उब्जने छ, केका लागि संसद् र सांसद ? लोकतन्त्रको तीन दशकदेखिको यात्रामा देखिएको अपरिपक्वताले मुलुकको अवस्थालाई अझै अस्थिर राजनीतिक यात्रामा धकेल्ने हो कि भन्ने शंका उत्पन्न हुनु स्वाभाविकै हो ।

प्रजातन्त्र या लोकतन्त्रमा जनताको अधिकार र कर्तव्यका बारेमा नागरिकलाई सुसूचित गरिरहनुपर्छ र नागरिक समाजले सरकारका कामहरूको निगरानी गरी जनताका अधिकारहरूको रक्षा गर्नमा सामूहिक प्रयास गरिरहेको हुन्छ । मुलुक संविधानवादबाट यताउता नहोस् भनेर नै प्रजातन्त्रमा संसद्ले सरकारलाई खबरदारी गरिरहन्छ अर्थात् सांसद नै सरकारमा पनि हुन्छन् र प्रतिपक्षमा पनि हुन्छन् । संसद्ले प्रजातन्त्रको पक्षमा निरन्तररूपमा आफूलाई सक्रिय राख्नु नै प्रजातन्त्रको मुख्य विशेषता पनि हो । *रासस*

*(लेखक राजनीतिक विश्लेषक हुन्)*

## मनन्योग्य

### चाणक्य नीति

दुवै युवती ज्यादै लाज मानेर व्यासको सामुन्नेमा पुगे जेठी अम्बिकाले जेठाजु व्यासको सामना गर्न नसकेर लाजले आँखा चिम्लिइन् । कान्छी आम्बालिका भने डराएर पहेंली भइन् । व्यासजीले दुवैलाई गर्भवती बनाएपछि

**विदुरको जीवन चरित्र**

पहिलो छोरा अन्धो र दोस्रो छोरा पाण्डु वर्णको पैदा हुनेछ भनी आमालाई बताइदिए । यसरी पैदा भएका दुई पुत्र नै धृतराष्ट र पाण्डु थिए अन्धो र पाण्डु वर्ण भएका छोरा हुने हुँदा सत्यवतीलाई सन्तोष भएन । उनले अम्बिकालाई सर्वगुण सम्पन्न भएको अर्को छोरा जन्माइदिन आग्रह गरिन् र व्यासलाई पनि पुनः राजी गराइन् । अम्बिकाले सासूलाई सामुन्नेमा हुन्छ त भनिन् तर पुनः निर्वस्त्र भई व्यासको अगाडि जाने साहस गरिनन् । उनले आफ्नी परम सुन्दरी वनिता भन्ने दासीलाई पनि व्यासजीको सामुन्ने पठाइदिइन् । वेदव्यास जस्ता ऋषिबाट सन्तान जन्माउन दासी वनिता पनि सहर्ष खुसी भइन् । वनिता पनि संकोच त्यागेर निर्वस्त्र व्यासजीका सामुन्नेमा पुगिन् उनलाई गर्भ रह्यो । व्यासजीले पनि त्यसै दिनदेखि वनिताको दासीभाव छुटाइदिदै भने "तिम्रो गर्भ (कोख) बाट एउटा अत्यन्तै धार्मिक पुत्र पैदा हुनेछ ।" व्यासजीको-कुरा किन फरक पर्दथ्यो र वनिता दासीकै कोखबाट माण्डव्य ऋषिको श्राप भुगतान गर्न भनी धर्मराज स्वयम्ले 'विदुर' को रूपमा जन्म लिएका थिए ।

धर्मावतार विदुर मानिस भएर पनि आफ्नो देवता हुँदाको ज्ञानलाई बिर्सेका थिएनन् तथापि उनले कहिल्यै आफूलाई देवताको रूपमा प्रकट पनि गरेनन् सधैं नै मनुष्यधर्मकै पालना गर्दथे । बाल्यावस्थादेखि नै उनी गम्भीर प्रकृतिका थिए । व्यास, भीष्म पितामह आदि मान्यजनको सेवातर्फ आफू प्रायः व्यस्त रहन्थे । यति धेरै चुप रहन्थे कि उनी केही पनि जान्दैनन् जस्तो देखिन्थे । उनी सदैव भागवद् भजनमा नै तल्लीन रहन्थे । अवकाशको समयमा ध्यान पनि गर्दथे । यिनमा सम्पत्तिको मोह र लोभ थिएन । क्रमशः

## पत्र-मञ्जुषा

# दसैंमा यात्रुले सास्ती बेहोर्नु नपरोस् !

हिन्दूहरूको महान् चाड दसैं नजिकिँदै छ । अबको एक महिनापछि दसैं सुरु हुन्छ । दसैं मनाउन काठमाडौं उपत्यकाबाट २२ देखि २५ लाख सर्वसाधारण आफ्नो जन्मथलो जान्छन् । अधिकांश गाडी र कोही विमानबाट जान्छन् । दसैंमा त हवाई व्यवसायी र यातायात व्यवसायीलाई भ्याइनभ्याइ हुन्छ ।

विमानहरू जम्मै प्याक हुन्छन् । अरुबेला पाँच हजारमा पुगिने ठाउँमा दोब्बर रकम तिरेर विमानमार्फत यात्रा गर्नुपर्ने बाध्यता छ । यातायात व्यवसायीले ५०० रूपैयाँमा पुग्ने बाटोमा दुई हजार रूपैयाँ असुल्छन् । दसैं नजिकिसक्यो तर यात्रा सहज बनाउन सरकारले कुनै योजना बनाएको छैन । विमान र बसहरूको अग्रिम टिकट खोल्ने तयारीमा सरकार लागिसक्नुपर्ने हो । तर, सरकारलाई चासो छैन । नेपालीमा एउटा उखान छ- जब पर्‍यो राति, तब बूढी ताती । सरकारको प्रवृत्ति उस्तै छ । दसैं सुरु भएपछि बल्ल टिकट खोल्ने सुरसार गरिन्छ । जसका कारण आमसर्वसाधारण मर्कामा पर्ने गरेका छन् ।

विडम्बना, यातायातमन्त्री देवेन्द्र दाहाल र पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डे जनताको समस्याबारे बेखबरझैं छन् । प्रधानमन्त्री केपी शर्मा ओली भन्छन्, 'यो सरकारले भात-रोटी खान्छ, घूस खाँदैन ।' मन्त्रीहरूले आफ्नो जिम्मेवारी पूरा नगर्नु, कर्मचारीहरूले काममा ढिलासुस्ती गर्नु, के यो घूस खाएसरह होइन ?

यातायातमा लामो समयदेखि 'सिण्डिकेट' छ । मन्त्रीहरू सिण्डिकेट तोडेर नयाँ दर्ता खोल्न चासो देखाउँदैनन् । कर्मचारीको त के कुरा गर्नु ! क्षणभरमा हुने कामका लागि तीन दिन लगाउँछन् । ओली सरकार आएपछि धेरै दुर्घटनाका घटना घटिसकेका छन् । त्रिशूलीमा गाडी खस्यो । गाडीमा सवार तीन जनाबाहेक कोही बचेनन् । अर्कोतिर हवाई दुर्घटनामा भयो । हेलिकप्टर पनि दुर्घटना भयो । योपटकको दसैं कतिको लागि दशा बन्ने हो ? सरकारको गैरजिम्मेवारीपनले गर्दा धेरैको घरमा रुवाबासी हुने देखिन्छ । त्रिशूलीमा बस खसेपछि सरकारले गठन गरेको छानबिन समितिले थोत्रा गाडीको कारण दुर्घटना भएको प्रतिवेदन बुझाइसकेको छ ।

तैपनि सरकारको चेत खुल्न सकेको छैन । बाटोमा २० वर्ष कटेका थोत्रा, पुराना गाडी धुँवाको मुस्लो फालेर दौडिरहेका छन् । तैपनि ट्राफिक प्रहरीले कारबाही गरेको पाइँदैन । उपत्यकाको सडकमा गुड्न नसक्ने गाडीहरू दसैंमा यात्रु बोकेर विभिन्न जिल्ला जान्छन् । जसले गर्दा दुर्घटना बढ्ने गरेको हो ।

वर्तमान गृहमन्त्री रमेश लेखक पटक-पटक यातायातमन्त्री भएका व्यक्ति हुन् । यातायातमन्त्री हुँदा उनले खासै स्मरणयोग्य काम गर्न सकेनन् । उनी यातायात व्यवसायीको काम गर्नमात्र रुचाउँथे । व्यवसायीले जे निर्णय गर भन्थें, त्यही गर्थे । यसपटक गृह मन्त्रालयको बागडोर सम्हालेका लेखकले दसैंमा सडक सुरक्षाका लागि कस्तो काम गर्लान् ? हेर्न बाँकी नै छ ।

हरेक वर्ष दसैंमा घर जानेहरूले सास्ती बेहोर्नुपर्छ । एक त टिकट पाउनै मुस्किल, पाए पनि महँगोमा । यहीबेला बिचौलियाहरूले यात्रुमाथि लुटधन्दा चलाउँछन् । सरकार यसमा नदेखेझैं गरेर बस्ने गरेको विगतका तीता अनुभवहरू छन् । अर्कोतर्फ मनसुन जारी नै छ । राजमार्गदेखि ग्रामीण सडकहरू बाढीपहिरोका कारण जोखिमपूर्ण बनेको छ । यसतर्फ सरकारको ध्यान जानुपर्छ । विगत वर्षहरूमा दसैं मनाउन जानेहरूमध्ये कयौंले ज्यान गुमाउनुपरेका घटनाहरू यो वर्ष नदोहोरिउन् । त्यसका सरकारले व्यापक तयारी अहिलेदेखि नै थाल्नुपर्छ ।

सुरक्षित यात्राको व्यवस्था गर्न यातायात व्यवसायीलाई तयारी गराउन ढिला भइसकेको छ । सवारीसाधन थप गर्ने, पुराना सवारीहरू विस्थापन गर्ने, राजमार्ग तथा भित्री सडकहरूमा आवश्यक सुरक्षा तयारी गर्नेलगायतका काम सरकारले तत्काल थालोस् । खुसीसाथ दसैं मान्नका लागि सहजरूपमा आफ्नो गन्तव्यसम्म पुग्न पाउने जनताको अधिकारलाई कुण्ठित गर्ने कार्य नहोस् । सरकारले अब गफमा होइन व्यवहारमै काम देखाउनुपर्छ । यो दसैंमा यात्रुले सास्ती बेहोर्नु नपरोस् ।

**– अविनास श्रेष्ठ, धादिङ**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# बन्यो सडक, बनेन ढल



**सिरहा–** सिरहाको सदरमुकामस्थित बजारसँगै जोडिएको बसबिट्टा बस्ती थोरै बर्खामा पनि डुबानमा पर्ने गरेको छ । पानीको निकास नहुँदा बस्तीका करिब ५०० घरपरिवार बर्सेनि डुबानको समस्यामा पर्दै आएका छन् ।

बस्तीको पूर्वतर्फ गत वर्ष पक्की सडक बनेसँगै डुबान प्रभावित क्षेत्र झन् विकराल बन्दै गएको स्थानीय पीडित रामविलास यादवले बताए । 'बस्तीको पूर्वतर्फबाट नाला निर्माण नगरी पक्की सडक बन्यो । त्यसपछि यो वर्ष त पूरै गाउँ सामान्य वर्षामै डुबानमा पऱ्यो,' उनले भने, 'कति महिनासम्म डुबान रहिरहने हो टुंगो छैन ।' समस्याको दीर्घकालीन समाधान गर्नतर्फ कसैले ध्यान नदिएको उनले गुनासो गरे ।

बस्तीको पश्चिमतर्फ नजिकै कमला नदीमा रहेको तटबन्धका कारण पानी निकासमा समस्या भएको अर्का स्थानीयवासी राजकुमार यादवको भनाइ छ । उनले भने, 'एकातर्फ कमला नदीको तटबन्ध छ भने अर्कातर्फ बस्तीभन्दा अग्लो गरी पक्की सडक निर्माण गरिएको छ । अनि कहाँबाट पानीको निकास हुन्छ ? भारी वर्षा हुँदा घरबाट बाहिर निस्कन सकिने अवस्था छैन । केटाकेटी र वृद्धवृद्धालाई झन् जोखिम बढेको छ ।' पानीको उचित निकास नहुँदा बस्ती नै विस्थापित हुनुपर्ने अवस्था आइसकेको उनले बताए ।

मुख्यगरी यहाँको पासमान गाउँ, महाराजा टोल, कजकलवा, यादव बस्तीलगायत क्षेत्रमा डुबानको समस्या हुँदै आएको सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवले जानकारी दिए । कमला तटबन्ध व्यवस्थित नहुँदासम्म समस्या सुल्झन गाह्रो हुने उनको भनाइ छ । कमला तटबन्ध क्षेत्रका ठाउँठाउँमा राखिएको कलभर्ट (कजवे)बाट वर्षामा कमला नदीमा आएको बाढी उल्टो बस्तीतिर पस्ने गरेको अध्यक्ष यादवको भनाइ छ ।

'कमला तटबन्धका कजवे व्यवस्थित नहुँदा यो समस्या बढिरहेको छ भने अर्को, पानी निकासमा ध्यान नदिई विनानालाको सडक निर्माण गरिनु हो । पानीको निकास नहुँदा यहाँ बर्सेनि डुबान क्षेत्र फैलिँदै गएको छ । वर्षा सुरु भएदेखि बस्तीभरि पानी भरिएर एक घरबाट अर्को घरमा जान पनि समस्या छ,' अध्यक्ष यादवले भने, 'विनानाला कुनै पनि बाटो स्वीकृत गरिनु हुँदैन ।' उनले बसबिट्टा क्षेत्रमा डुबान हुनुको मुख्य जिम्मेवार कमला सिँचाइ, सडक डिभिजन र नगरपालिका भएको आरोप लगाए ।

अर्कातर्फ बजार क्षेत्रमा व्यापार गर्ने व्यवसायीको संख्यामा वृद्धि भएसँगै नयाँ घर निर्माण गर्ने क्रममा पानीको निकास हुने क्षेत्र मासिँदा बजार जलमग्न हुन थालेको अध्यक्ष यादवको भनाइ छ । जसले गर्दा सदरमुकाम नजिकै रहेको बजार क्षेत्रका अधिकांश पसल र सडक डुबानमा पर्दा स्थानीय बासिन्दा, यात्रु, पसल सञ्चालक र सर्वसाधारणले सास्ती खेप्नुपरेको उनले जानकारी दिए । पानी निकासका लागि सामान्य 'ह्युमपाइप'ले नहुने भन्दै वडाको स्रोत र साधनले नधान्ने उनले बताए ।

सिरहा नगरपालिकाका नगरप्रमुख डा. नवीनकुमार यादवले बसबिट्टा क्षेत्रको पानी निकासका लागि सरोकारवाला निकायसँग समन्वयको कार्य भइरहेको बताए । 'तत्कालका लागि बजारलगायत बस्ती क्षेत्रमा जम्मा भएको पानी निकासका लागि दक्षिण-पूर्वतर्फको क्षेत्रमा नाली खनेर निकास गर्छौं । त्यसैगरी पानीको दिगो व्यवस्थापनका लागि बजेटको व्यवस्था गरी ढल निर्माण गर्ने सोचिरहेका छौं ।'

तराई मधेसका अधिकांश स्थानमा दीर्घकालीन असर र प्रभाव मूल्यांकन नगरी विकास निर्माणका काम गरिँदा बर्सेनि डुबानका समस्या आउने गरेको जानकारहरू बताउँछन् । मुख्यगरी सडक निर्माण गर्दा नाली र ढलको व्यवस्था नगरी पूर्वाधार विकास गरिँदा यहाँको हुलाकी सडक र महेन्द्र राजमार्गका ठाउँठाउँमा डुबानको समस्या हुँदै आएको छ । खासगरी सदरमुकाम सिरहा, सुखीपुर नगरपालिका, गोलबजार नगरपालिका, धनगढीमाई नगरपालिकालगायत विभिन्न ठाउँमा बर्सेनि डुबानको मारमा स्थानीय छन् । यहाँका कतिपय विद्यालय, अस्पताल, सरकारी भवन डुबानमा पर्दै आएका छन् । *रासस*



**केन्द्रीय कारागार भवन** | नुवाकोटको विदुर नगरपालिका–६ स्थित खम्पाक्याम्पमा निर्माण गरिएको केन्द्रीय कारागार भवन । उक्त भवनको शनिबार गृहमन्त्री रमेश लेखकले उद्घाटन गरेका हुन् ।
*तस्बिरः रामहरि न्यौपाने/रासस*

# काभ्रेमा डेंगी फैलिँदै

**काभ्रेपलाञ्चोक (प्रस)–** डेढमहिनाको अवधिमा काभ्रेपलाञ्चोकको नौ स्थानीय तहमा डेंगी संक्रमण फैलिएको छ । शुक्रबार एकै दिन छ जनामा संक्रमण देखिएको जनस्वास्थ्य कार्यालय धुलिखेलले जनाएको छ ।

शनिबारसम्म पनौती नगरपालिकामा दुई पुरुष र एक महिला, बनेपा नगरपालिकामा एक महिला, मण्डनदेउपुर नगरपालिका र भुम्लु गाउँपालिकामा एक/एक पुरुषमा डेंगी संक्रमण देखिएको कार्यालय प्रमुख रागीश्री कक्षपति श्रेष्ठले जानकारी दिए ।



उनका अनुसार गत साउनदेखि हालसम्म जिल्लामा ५७ जनामा डेंगी संक्रमण देखिएको छ । संक्रमितमध्ये २७ पुरुष र ३० महिला छन् । 'शुक्रबार एकै दिन छ जनामा डेंगी देखिएको छ, सचेतना कार्यक्रम बढाइँदै लैजान्छौं, व्यक्ति आफैं पनि सचेत बन्नुपर्दछ,' श्रेष्ठले भने ।

बनेपा, पनौती र धुलिखेल नगरमा बढी संक्रमित छन् । बनेपा र पनौतीमा १३/१३ जना, धुलिखेलमा १२, भुम्लु गाउँपालिकामा आठ, नमोबुद्ध नगर र रोशी गाउँपालिकामा तीन/तीन, पाँचखाल, मण्डनदेउपुरमा दुई/दुई र तेमाल गाउँपालिकामा एक डेंगी संक्रमित रहेका प्रमुख श्रेष्ठले जानकारी दिए ।

गत आवमा जिल्लामा ४८७ जनामा डेंगी संक्रमण भएको थियो । संक्रमितको उपचारका लागि कार्यालयमार्फत स्थानीयस्तरमा समन्वय गरी संक्रमण न्यूनीकरण गर्न विभिन्न सचेतनाका कार्यक्रम गरिएको श्रेष्ठले बताए । संक्रमण नियन्त्रण गर्न प्रत्येक शुक्रबार '१० बजे १० मिनेट,' 'खोज र नष्ट गर' अभियान सञ्चालन गर्दै आइएको उनले जानकारी दिए ।

प्रमुख श्रेष्ठका अनुसार डेंगीको उच्च जोखिममा नेपालका १० जिल्लामध्येमा काभ्रेपलाञ्चोक पनि रहेको छ । लामखुट्टेको टोकाइबाट डेंगी लाग्ने भएकाले यसबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्ने उनले बताए ।

डेंगी भएका एक्कासि उच्च ज्वरो आउने, पाँचदेखि सात दिनसम्म ज्वरो रहिरहने, सहन नसक्नेगरी टाउको दुख्ने, आँखाको नानी तथा पछिल्लो भाग दुख्नुका साथै ढाड, जोर्नी र मांशपेशी दुख्ने, शरीरमा विमिरा आउने तथा वाकवाकी लाग्ने, पेट दुख्ने, नाक अथावा गिँजाबाट रगत बग्नु, शरीरमा रगत जेमेको दाग देखापर्नु तथा बेहोस हुने लक्षण देखिन्छ । समयमै उचित उपचार नपाए बिरामीको मृत्युसमेत हुने भएकाले डेंगीको शंका लागेमा तत्काल स्वास्थ्यकर्मीको निगरानीमा बस्नुपर्ने जनस्वास्थ्य कार्यालय धुलिखेलले जनाएको छ ।

# पर्सामा घटेन मानव–वन्यजन्तु द्वन्द्व

**वीरगञ्ज (प्रस)–** पर्साका जिराभवानी गाउँपालिका-५ का ६० वर्षीय तुलसी राउत थारूको गत भदौ ७ गते घर नजिकै जंगलमा घाँस काट्न जाँदा बाघको आक्रमणबाट ज्यान गयो । सो घटनाको भोलिपल्ट मात्र उनको बाघले आक्रमण गरेर क्षतविक्षत अवस्थामा रहेको शव भेटिएको थियो । थारूलाई आक्रमण गर्ने बाघ पर्सा राष्ट्रिय निकुञ्जबाट एक किलोमिटर टाढा रहेको बस्तीमा आइपुगेको थियो ।

वन्यजन्तु र मानवबीच द्वन्द्वको यो पहिलो घटना होइन । यसअघि पनि २०८१ वैशाख २९ गते पर्साको सखुवा प्रसौनी गाउँपालिका-१ औराहाका भीमबली महतो थारू आफ्नो मकैबारीमा पुगेका बेला बाघले आक्रमण गरेर गम्भीर घाइते भएका थिए ।

आक्रमण गर्नेबित्तिकै तत्कालै स्थानीयवासीको होहल्लाका कारण बाघले छाडेको थियो । सो बाघलाई स्थानीयवासीले घेराबन्दी गरेर बञ्चरो, भाला र लट्ठीले हानेर मारेका थिए । पर्सामा पछिल्लो समय वन्यजन्तु र मानवबीच भएका द्वन्द्वका केही प्रतिनिधिमूलक घटना हुन् यी । पछिल्लो समय जिल्लामा वन्यजन्तु र मानवबीचका द्वन्द्वका घटना बढोत्तरी हुँदै आइरहेका छन् ।

डिभिजन वन कार्यालयका प्रमुख सुनिलकुमार कर्णले जिल्लामा वन्यजन्तु र मानवबीच द्वन्द्वका घटनामा वृद्धि भइरहेको बताउँछन् । 'पानीका स्रोत सुकेसँगै तिर्खाएका वन्यजन्तु आफ्नो प्यास मेट्नका लागि बस्तीमा आउने गर्छन् । सो क्रममा वन्यजन्तु र मानवबीच द्वन्द्व सिर्जना हुँदै आइरहेको छ,' उनले भने, 'उमेर ढल्केका बाघहरू सिकारको खोजीमा गाउँबस्तीमा आउँदा पनि वन्यजन्तु र मानवबीचको द्वन्द्व भइरहेको छ ।' कार्यालयका अनुसार पछिल्ला वर्ष वन्यजन्तु मकै र उखुलगायत बाली खान बस्तीमा प्रवेश गर्ने गरेको भेटिएको छ ।

प्रमुख कर्णले निकुञ्ज क्षेत्रमा रहेका वन्यजन्तुका लागि पानीका पोखरी निर्माण गर्न आवश्यक रहेको बताए । डिभिजन वन कार्यालयका अनुसार गत आर्थिक वर्षमा पर्सामा वन्यजन्तु र मानवबीच द्वन्द्व हुँदा तीनवटा बाघ मारिएको थियो । एउटा घाइते बाघको रेक्स्यू गरेर उपचार गरिएको थियो ।

२०८० फागुन १६ गतेमा मनवा सबडिभिजनको जंगल क्षेत्रमा स्थानीयवासीलाई बाघले आक्रमण गरेपछि प्रतिकारमा सर्वसाधारणले बाघ मारिदिएका थिए । त्यस्तै २०८० फागुन १९ गते रंगपुर सबडिभिजन वन कार्यालय मातहत क्षेत्रमा पर्ने जंगलमा पनि मानव र वन्यजन्तुबीच द्वन्द्व भएपछि सो घटनामा पनि एउटा बाघ मारिएको थियो । त्यस्तै २०८० चैत १ गते पर्साको रंगपुर क्षेत्रमा घाइते अवस्थामा भेटिएको बाघलाई चितवन राष्ट्रिय निकुञ्जमा पठाइएको थियो ।

# बसपार्क सञ्चालनमा ढिलाइ, ट्राफिक व्यवस्थापनमा समस्या

**पर्वत–** सडक सञ्जाल फैलिएको ३३ वर्षपछि पर्वतको कुश्माबजारमा सुविधासम्पन्न बसपार्क निर्माण भएको छ । कुश्मा नगरपालिका-६ स्थित बान्द्रेविडी चौरमा २०७९ कात्तिकदेखि बसपार्क निर्माण थालिएकामा गत असार १५ मा सम्पन्न भएको हो ।

सघन सहरी तथा भवन निर्माण कार्यालय बागलुङमार्फत ठेक्का सम्झौता भई निर्माण गरिएको बसपार्क सञ्चालनमा भने ढिलाइ भएको छ । सात करोड १५ लाख ३० हजार रूपैयाँ लागतमा निर्माण भएको बसपार्क दुई महिना बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन ।

बसपार्क निर्माणको जिम्मा पाएको विजय राङखोला सिद्धबाबा जेभी कम्पनीका प्राविधिक सविन श्रेष्ठले गत असारमै बसपार्क सम्पन्न भए पनि स्वामित्व हस्तान्तरणमा ढिलाइ भएकाले सञ्चालनमा आउन नसकेको बताए । उनले भने, 'हामीले गत असारमै बसपार्क सम्पन्न गरिसकेका छौं तर कार्यालयलाई हस्तान्तरण गरिएको छैन । सघन सहरी तथा भवन निर्माण कार्यालयले स्थानीय कुश्मा नगरपालिकालाई हस्तान्तरण गर्न समय लागेकाले सञ्चालनमा आउन ढिलाइ भएको हो ।'

बसपार्क टर्मिनल भवन, यात्रीकक्ष र पसलका लागि सटर निर्माण, रङरोगनलगायत सम्झौतानुसारको काम सकिएको छ । बसपार्कमा साना र ठूला सवारीलाई छुट्टाछुट्टै पार्किङको व्यवस्था मिलाइएको छ । बसपार्कबाट नै टिकट काट्न मिल्नेगरी टिकट बुकिङ काउन्टरको व्यवस्था गरिएको छ ।



एघार महिना निर्माण अवधि रहे पनि नौ महिना ढिलागरी बसपार्क सम्पन्न भएको थियो । समयमै पर्याप्त बजेट निकासा नहुँदा पनि केही ढिलाइ भएको सघन सहरी तथा भवन निर्माण कार्यालय बागलुङले जनाएको छ । कार्यालय प्रमुख सुनिता श्रेष्ठले कुश्मा नगरपालिकालाई हस्तान्तरण गर्ने प्रक्रिया लम्बिएका कारण बसपार्क सञ्चालनमा ढिलाइ भएको बताइन् । उनले नगरप्रमुख रामचन्द्र जोशी र प्रमुख प्रशासकीय अधिकृत घनश्याम गौतमसँग समन्वय भइरहेको र अब केही समयमै हस्तान्तरण प्रक्रिया अघि बढाइने बताइन् ।

निर्माण सम्पन्न भएर पनि समयमै सञ्चालनमा नआउँदा ट्राफिक समस्या भने ज्युँका त्युँ रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख सीताराम ओझाले बताए । ओझाकानुसार कुश्माबजारबाट दिनहुँ काठमाडौं, पोखरा, सुनौली, विराटनगर, नेपालगञ्ज, भैरहवा, काँकडभिटालगायत सहरमा सार्वजनिक सवारीसाधन छुट्ने गर्छन् भने दैनिक हजारौंको संख्यामा सवारी बागलुङ, रुकुम, म्याग्दी, मुस्ताङका लागि कुश्मा हुँदै जाने गर्दछन् । सवारीसाधन असुरक्षित ढंगले सडकमै पार्किङ गर्नुपर्ने बाध्यता छ । आफूले बसपार्क सञ्चालनका लागि पटक-पटक सम्बन्धित निकायमा अनुरोध गरे पनि सुनुवाइ हुन नसकेको ओझाले बताए । *रासस*

# प्रभाव दैनिक

आइतबार, १६ भदौ २०८१ (Sunday, September 01, 2024)


रूपशाला

## मिस युनिभर्स नेपालको ताज सार्वजनिक

आगामी साता हुने मिस युनिभर्स नेपालको ताज सार्वजनिक गरिएको छ । 'स्टार अफ द युनिभर्स' नाम दिइएको क्राउन मिस युनिभर्स २०२३ सेनिस पलासियोसले गरेकी हुन् । २४५ ग्राम ह्वाइट गोल्ड र विभिन्न बहुमूल्य पत्थर प्रयोग गरेर बनाइएको क्राउन शनिबार साँझ एक समारोहकाबीच सार्वजनिक गरिएको हो । क्राउनको मूल्य अहिले बजार मूल्य अनुसार २५ हजार अमेरिकी डलर पर्ने आयोजकले जानकारी दिएका छन् । भदौ २२ गते शनिबार हायात होटलमा मिस युनिभर्स नेपालको फिनाले हुँदैछ । मिस युनिभर्स नेपालको यस वर्षको संस्करणको आयोजना पहिलोपटक ग्लोबल ग्ल्यामरले गर्न लागेको हो ।



# 'अबको बाटो' पुस्तक सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** लेखक भरतकुमार श्रेष्ठद्वारा सम्पादित 'अबको बाटो' पुस्तक सार्वजनिक गरिएको छ । दायित्व वाङ्मय प्रतिष्ठान नेपाल र शिखा बुक्सद्वारा आयोजित समारोहमा पूर्वप्रधान न्यायाधीश अनुपराज शर्माले पुस्तक सार्वजनिकीकरण गरे । विभिन्न विधामा राष्ट्रिय जीवनमा ख्याति कमाएका २७ जना व्यक्तित्वका विचार कृतिमा समेटिएको छ ।

पुस्तकमा नेपालको विकास कसरी ? सिमाना नाघेका भानुभक्त र नेपाली साहित्य, नेपाली डायस्पोरा र हाम्रो मूलदेश, मलमा सधैं परनिर्भरता कि विकल्पको खोजी ?, नेपाल किन पछि, अरू किन अघि?, साइबर संस्कृति र साहित्य तथा मेरोदेश, मेरो सान, मेरो सर्वस्वजस्ता शीर्षकका लेख समेटिको छ ।

राष्ट्रिय आविस्कार केन्द्रका प्रमुख महावीर पुनदेखि अर्थशास्त्री चद्रमणि अधिकारी, पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठ, डा प्रकाश बुढाथोकी, प्राडा सुरेन्द्र केसीलगायत अबको बाटो शीर्षकसँग जोडिएका विचार पुस्तकमा समेटिएको छ ।

त्यस अवसरमा पूर्वप्रधानन्यायाधीश शर्माले नेपाली राजनीति दिशाहीन भइरहेको वर्तमान सन्दर्भमा मुलुकका स्वनामधन्य लेखकका अनुसन्धानात्मक लेखले मुलुकको भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, राजनीतिक एवं शैक्षिक क्षेत्रका आयाममा तरङ्ग ल्याउने विश्वास व्यक्त गरे ।

नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले नेपालका राजनीतिज्ञलाई अबको बाटोमा कसरी अघि बढ्नुपर्छ भन्ने सन्दर्भमा पुस्तकमार्फत लेखकले खबरदारी गर्नुभएको बताए । उनले भने, 'रोजगारीका लागि विदेशमा श्रम गर्न गएका लाखौं नेपालीलाई आपसमा जोड्दै ज्ञान, सीप, प्रविधि र पैसा स्वदेशमा भित्र्याउने विषयलाई राज्यले सहयोग र समन्वय गर्नुपर्छ ।' सोही पार्टीका नेत्री डा डिला सङ्ग्रौलाले मुलुकलाई विकास र समृद्धिमा लैजान भ्रष्टाचारको अन्त्य, सुशासन प्रवर्द्धन, योजना कार्यान्वयन, दक्ष जनशक्ति स्वदेशमै रहने वातावरण बनाउन आवश्यक रहेको बताए ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले तुलनात्मक रूपमा विकास र प्रविधिका क्षेत्रमा विश्वका केही मुलुक अघि भए पनि संस्कार, संस्कृति तथा लैङ्गिक समानता र समावेशी लोकतन्त्रका विषयमा नेपाल अरूभन्दा निकै अघि रहेको धारणा राखे । उनले भने, 'राजनीतिक अस्थिरताका कारण प्रणाली हो कि व्यक्ति हो भन्ने पहिचान गर्नुपर्छ । राम्रा कुरा प्रवर्द्धन गर्नुपर्छ, कमी कम्जोरी सुधार्दै लैजानुपर्छ ।'

राष्ट्रिय समाचार समिति (रासस)का पूर्वअध्यक्ष एवं वरिष्ठ पत्रकार पुरुषोत्तम दाहालले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको दिव्य उपदेशमा उल्लिखित विषय कार्यान्वयन गर्ने र बस्ती प्रणाली परिवर्तन गर्न सके देश विकासको ढोका खुल्ने प्रशस्तै सम्भावना रहेको बताए ।

अर्थशास्त्री डा चन्द्रमणि अधिकारीले समाजका सबै क्षेत्रका मूर्धन्य व्यक्तित्वका लेखमार्फत समेटिएका विचारको निचोडका रूपमा देश अघि किन बढेन भन्ने चिन्तन समेटिएको बताए । संविधानसभा सदस्य उषाकला राईले आफनो देश, यहाँका उत्पादन तथा भएका कला र संस्कृतिप्रति गौरव गर्ने संस्कार र संस्कृति आवश्यक रहेको बताए ।

उक्त अवसरमा वाङ्मय प्रतिष्ठानका अध्यक्ष साहित्यकार रामप्रसाद पन्त, लेखक श्रेष्ठ, प्रकाशक पुष्पराज पौडेललगायतले पुस्तकमा समेटिएका विषयवस्तुबारे प्रकाश पार्दै प्राकृतिक स्रोत साधन, साहित्य, संस्कार र संस्कृतिका क्षेत्रमा नेपाल सम्मुनत रहेको बताए । तीन सय ४४ पृष्ठको पुस्तकको मूल्य रु सात सय ७० रहेको छ ।

# छायांकनमा जमेका सौरभ

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही भदौ २१ गतेबाट रिलिज हुने फिल्म 'रावायण' यतिबेला चर्चामा छ । फिल्मको टिजर, ट्रेलर सार्वजनिक भएपछि फिल्मको एक्सनदेखि खिचाईको राम्रै तारिफ भइरहेको छ । यो फिल्ममा सौरभ लामाको छायांकन छ । टिजर, ट्रेलर र गीत सार्वजनिक भएपछि उनको कामको प्रशंसा सबैले गरेका छन् । सौरभका अनुसार 'रावायण'का लागि उनले एक वर्षदेखि तयारी गरेका रहेछन् । 'फिल्मको लोकेसन हेर्न हामी ६ पटक गइसकेका थियौं । पूर्वको सिन्धुलीदेखि सिराहा, सर्लाही, सप्तरीलगायतका स्थान पुग्यौं । मलाई लाग्छ स्क्रिप्टको २२ औं ड्राफ्ट पछि फाइनल भयो' सौरभ भन्छन् ।



सौरभले अहिलेको दर्शकलाई साउथ फिल्म हेर्ने बानी भएकाले पनि 'रावायण'मा त्यस्तो फ्लेभर देखाइएको बताए । 'अहिले साउथको फिल्म हेर्ने बानी लागेको छ । हामीले नर्मल खिचे जस्तो त हुँदैन । कि त टिपिकल गर्नु पर्यो कि त लेभलको गर्नुपर्यो । नेपालमा नभएको चिजलाई 'रावायण'मा देखाउनकै लागि हामीले खिचाईमा नयाँ प्रयोग गयौं', उनी भन्छन् ।

सौरभले 'रावायण'मा लाइटिङलाई निकै महत्व दिइएको बताए । 'प्राविधिक कुरा गर्दा लाइटिङको कुरा अगाडि आउँछ । लाइटिङ त गर्ने, तर कुन तरिकाले गर्ने । मैले यसमा लाइटको एउटा प्याटर्न निकालें । लाइटिङमा टोन र कलर महत्वपूर्ण हुन्छ । गर्मी मौसममा छायांकन गर्नुपर्ने भएकाले वार्ममा जोनजीको मिक्स गरेर टोन तयार पारें । यो योजना पहिलेदेखि नै हो', उनले भने । उनले आफूले काम गरेको फिल्ममा 'सम्हालिन्छ कहिले मन' पछि ठूलो क्यानभासको फिल्म 'रावायण' भएको खुलाए ।

सौरभका अनुसार फिल्ममा पलको डुब्लिकेटको फेस खिच्नुपर्दा झण्डै ३५ वटा क्यामरा प्रयोग भएका थिए । फेसको मुभमेन्ट खिच्नकै लागि यति धेरै क्यामरा प्रयोग भएको उनको भनाई छ । 'फिल्ममा सबैभन्दा गाह्रो भनेकै एकै पात्रको दुई दृश्य खिच्नु हो', उनी भन्छन् ।

सौरभको अनुभवमा फिल्ममा जनावरको दृश्य खिच्नु र डबल पार्ट मुभमेन्ट खिच्नु चुनौतिपूर्ण हुन्छ । 'जनावरसँग काम गर्दा हामी जनावरको टाइमिङमा चल्नुपर्छ । हाम्रो टाइममा ऊ चल्दैन । उसले आक्रमण पनि गर्न सक्छ । उसको मुभमेन्टमा हामीले कुरेर खिच्नुपर्छ', उनी भन्छन्, 'अर्को भनेको डबल पार्ट हो । हाम्रोमा भयंकर काम गर्ने भिजुल आर्टिस्ट छैनन् । या त हामीले यही भएका साथीभाईलाई 'ल है यसरी गरौं' भनेर काम गर्ने हो या त सल्लाह लिने हो । फिल्ममा पल कान्छा र रागव चरित्रमा छन् । उसले रागव हुँदा जे जे गर्यो, कान्छा हुँदा त्यो चिज गर्दैन । उसको डिफरेन्ट मुभमेन्ट खिच्न हामीले महंगो क्यामरा पनि प्रयोग गरेका थियौं । किनभने ऊ हरेक दिन परिवर्तन हुन्थ्यो ।'

सौरभले पलको हकमा उनको बडी डबलका लागि पलकै शरीर प्रयोग गरेको खुलाए । 'अर्को सिमिलर राख्न, उसको लुक्स मेन्टेन गर्नलाई मात्रै हामीले अर्को मान्छे राखेका थियौं । पछि त्यो मान्छे रिमोभ गरेर पललाई नै ज्वाइन गराएका छौं । पलको टाउको मात्र काटेर जोड्ने काम गरेका छैनौं', सौरभले भने । सौरभले अन्तर्राष्ट्रिय मापदण्डकै क्यामरा प्रयोग गरेको दाबी गरे । 'हामीले नयाँ क्यामरा प्रयोग गरेका छैनौं । अन्तर्राष्ट्रिय मापदण्डकै क्यामरा भएकाले क्वालिटी मेन्टेन छ । एमाजोन, नेटफि्लक्स सबैले भेरिफाई गरेको क्यामरा प्रयोग गरिएको हो,' उनले भने । सौरभका अनुसार उनको १२ जनाको टिमले 'रावायण' छायांकन गरेको थियो । यसअघि फिल्म 'कमिटमेन्ट १६ आवर्स'मा उनको टिम संख्या १६ थियो ।

यो फिल्म गर्दा उनले उत्तिकै चुनौती भोगेका छन् । 'हामीले वैशाखमा तराईको झण्डै ४२ डिग्रीमा फिल्म खिचेका छौं । फिल्ममा पल दुई चरित्रमा देखिएकाले उसले एक छिन पनि आराम नगरी काम गरेको छ । हामीले राम्रो संख्यामा स्थानीयलाई फिल्ममा राखेका छौं । तर उनीहरूलाई कति दिनसम्म राख्ने भन्ने अर्को तनाव थियो । किनकी त्यो समयमा इददेखि अन्य चाडवाड पनि थियो । उनीहरूलाई पनि समय दिनुपर्यो', उनी भन्छन् ।

## रंगशाला

# दशौं राष्ट्रिय खेलकुद तोकिएकै समयमा हुनुपर्छ : दाहाल



■ प्रभाव संवाददाता

**सुर्खेत –** पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले दशौं राष्ट्रिय खेलकुद तोकिएकै समयमा हुनुपर्ने बताएका छन् । सुर्खेतस्थित कर्णाली प्रदेश रंगशालाको अनुगमनपछि उनले यस्तो धारणा राखेका हुन् ।

आगामी मंसिरमा तय गरिएको दशौं राष्ट्रिय खेलकुद निर्धारित समयमै हुने नहुने अन्योल बढिरहेको बेला पूर्वप्रधानमन्त्री दाहालले निर्धारित समयमै हुनुपर्ने बताए । 'दशौं राष्ट्रिय खेलकुद तोकिएकै समयमा सुर्खेतमा हुनैपर्छ, यसमा राजनीति गर्ने भुल सरकारले नगरोस्' उनले भने, 'यसमा पनि राजनीति गरेर दशौं राष्ट्रिय खेलकुद पछि सार्न खोजियो भने यो हजारौं खेलाडी र खेलप्रेमीका लागि घात हुनेछ ।'

उनले निर्माणको अन्तिम चरणमा रहेको रंगशाला पश्चिम नेपालको खेल क्षेत्र र खेलाडीको वृत्ति विकासमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे । 'यो अहिलेसम्मका रंगशालामध्ये विभिन्न ठाउँमा देखिएका कमीकमजोरी सच्याएर आधुनिक प्रविधिको प्रयोग गरेर जुनरूपमा निर्माण करिव करिव सम्पन्न हुने चरणमा गएको छ । यो हामी सबैका लागि खुशी र गौरवको कुरा हो', उनले भने,'माओवादी केन्द्रले प्रदेशको नेतृत्व गरेका बेला खासगरी मुख्यमन्त्री महेन्द्रबहादुर शाही र मन्त्री बिमला केसीको पालामा यो रंगशालाई प्रदेशको गौरवको आयोजनाको रूपमा अघि सारिएकाले पनि यो हाम्रा लागि विशेष अर्थ र महत्वको छ ।'

रंगशाला आधुनिक र अन्तर्राष्ट्रिय मापदण्डअनुसार बनेको पाइएको उल्लेख गर्दै अध्यक्ष दाहालले यसको अत्यधिक सदुपयोग गर्नुपर्ने बताए । लुम्बिनी, कर्णाली र सदूरपश्चिमको खेल क्षेत्रका लागि यो केन्द्र बन्ने र देशभरिकै खेलाडीका लागि पनि राष्ट्रिय खेलकुदको सुर्खेतमा आयोजना गर्न सकिने ढोका खुलेको टिप्पणी पनि उनले गरे । आफू तीन पटक प्रधानमन्त्री हुँदा लगातार खेल क्षेत्रको विकासलाई प्राथमिकता दिंदै आएको पनि उनले स्पष्ट गरे ।

अनुगमनका क्रममा कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री महेन्द्रबहादुर शाही, पूर्व खेलकुदमन्त्री बिमला केसी, कर्णाली खेलकुद परिषदका सदस्य-सचिव विश्वामित्र सञ्ज्याल लगायतका खेल पदाधिकारीको उपस्थिति रहेको थियो ।

## तेस्रो चरणबाटै बाहिरिए जोकिभिच

**काठमाडौं (प्रस)–** पेरिस ओलम्पिकमा टेनिस स्वर्ण पदक जितेका नोभाक जोकोभिच युएस ओपनबाट बाहिरिएका छन् । नोभाक अष्ट्रेलियाका खेलाडी एलेक्सेई पोपिरिनसँग ४-६, ४-६, ६-२ र ४-६ को सेटमा पराजित भएसँगै युएस ओपनको तेस्रो चरणबाटै बाहिरिएका हुन् ।

यस वर्ष भएको विम्बल्डन ओपनको तेस्रो राउण्डमा जोकोभिच र पोपिरिनबीचको खेल भएको थियो, जसमा पोपिरिनले जोकोभिचसँग हार बेहोरेका थिए । तर युएस ओपनमा पोपिरिनले जोकोभिचलाई पराजित गर्दै प्रतियोगिताबाट बाहिर पठाएर सो हारको बदला लिएका छन् । एटीपी वरियतामा दोस्रो स्थानमा रहेका जोकोभिचलाई २८औं स्थानमा रहेका पोपिरिनले पराजित गरेका छन् । नोभाक यति छिट्टै युएस ओपनबाट बाहिरिएको सन् २०१७ यता पहिलो पटक हो ।

## द्रविडका छोरा समित यू-१९ टिममा

**काठमाडौं (प्रस)–** भारतीय टोलीका पूर्व प्रशिक्षक राहुल द्रविडका छोरा समित द्रविड भारतीय अन्डर १९ टोलीमा छनोट भएका छन् । उनी अष्ट्रेलियाविरुद्धको घरेलु सिरिजका लागि छनोट भएका हुन् ।

शनिबार बिहान भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) को छनोट समितिले एकदिवसीय र चार दिवसीय टोलीको घोषणा गरेको हो । उत्तर प्रदेशका मोहम्मद अमानलाई एकदिवसीय टोलीको कप्तानी दिइएको छ भने मध्य प्रदेशका सोहम पटवर्धनलाई ४ दिने सिरिजमा भारतीय टोलीको कप्तानी दिइएको छ । यो सिरिज २१ सेप्टेम्बरबाट सुरु हुनेछ ।

# रंगशाला निर्माणले गति लिँदै



■ प्रभाव संवाददाता

**भरतपुर–** लामो समय अलपत्र बनेको चितवनको रामपुरस्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणले गति लिएको छ । संघ र प्रदेश सरकारसँगको समन्वयमा भरतपुर महानगरपालिकाको अग्रसरतामा कामले गति लिन थालेको हो । रंगशालाको स्थलगत निरीक्षण गर्दै भरतपुर महानगर प्रमुख रेनु दाहालले ठेक्का लागेसँगै रंगशाला निर्माणको काम सन्तोषजनक रूपमा अघि बढेको बताए ।

'कामले गति लिइसकेको छ । कामदारको संख्या पनि उल्लेख्य छ', उनले भने, 'तोकिएकै समयमा रंगशाला निर्माण हुनेमा भन्नेमा हामी विश्वस्त छौं ।' उनले निर्माणका लागि आवश्यक नदीजन्य सामग्री र अन्य कामको सहजीकरणका लागि महानगरले सहयोग गर्ने बताए ।

महानगरपालिकाले हिमालयन कालिञ्चोक बिबिआर जेभीलाई ३० महिनाभित्र रंगशाला निर्माण सम्पन्न गर्नेगरी जिम्मा दिएको हो । निर्माण कम्पनीले दुई हप्तादेखि फिल्डस्तरमा काम थालेको भरतपुर महानगरपालिकाका प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले जानकारी दिए । उनले कामको सहजीकरणका लागि महानगरपालिकाले चार जनाको प्राविधिक टोली कार्यस्थलमा खटाएको बताए ।

उनका अनुसार यसअघिको डिजाइन परिवर्तन गरिएको छ भने दर्शक अट्ने क्षमता घटाएर अन्तर ाष्ट्रिय प्रतियोगिता गर्न मिल्ने गरी रंगशाला निर्माण फेरि सुरु गरिएको छ । सरकारले आवश्यक सहयोग गरेमा सम्झौता अवधिभन्दा छिटो सक्नेगरी काम अघि अगाडि बढाइएको हिमालयन कालिञ्चोक बिबिआर जेभीका आयोजना प्रमुख विजय ढकालले बताए । उनका अनुसार अहिले दुई सय ५० जना कामदार खटिएका छन् । उनले पहिलो चरणमा रंगशालामा मैदान, ड्रेनऐज र दुई वटा तीन तलाको टावर निर्माण गरिनेछ ।

धुर्मुस-सुन्तली फाउण्डेसन र भरतपुर महानगरबीच २०७५ माघ १६ गते रंगशाला निर्माण सम्झौता हुँदा ३० हजार दर्शक क्षमताको बन्ने उल्लेख थियो । पहिलो चरणमा १५ हजार दर्शक अट्ने क्षमताको रंगशाला बन्नेछ । फाउण्डेसनले यसअघि नै दुबो रोपेर मैदान बनाएको थियो । अहिले भने नयाँ प्रविधिको प्रयोगगरी पाँच वटा पिचसहितको मैदान बनाउन लागिएको छ । नयाँ माटो ल्याएर मैदानमा पानी नजम्ने बनाउन लागिएको उनले बताए ।

महानगरपालिकाले रु ७८ करोड ५० लाख ९१ हजार एक सय ८९ मा ठेक्का सम्झौता गरेको हो । फाउण्डेशनले यो परियोजना तीन अर्ब ५५ करोड रूपैयाँको रहेको जनाएको छ । सहयोग जुटाएर निर्माण सुरु गरेको रंगशाला धुर्मुस सुन्तली फाउण्डेशनले बजेट अभाव भएपछि काम रोकेको थियो । अहिले पनि रंगशालाको ऋण रु १२ करोड रहेको फाउण्डेशनले जनाएको छ ।



मध्य चीनको हेनान प्रान्तस्थित लुओयाङमा कलाकार सोङ झान्केले तयार पारेको मूर्तिकलाको तस्बिर, जुन उनकै स्टुडियोमा खिचिएको हो । *तस्बिरः सिन्हुवा*

# जापानमा सानसान आँधीको गति घटे पनि यातायात अवरोध जारी

**टोकियो–** जापानमा आएको शक्तिशाली आँधीका कारण शनिबार पनि उडान तथा रेलसेवा अवरुद्ध भएको छ । अधिकारीहरूले भारी वर्षाका कारण सम्भावित बाढी–पहिरोको चेतावनी दिएका थिए । सानसान दशकौंको अन्तरालमा जापानमा आएको सबैभन्दा भयानक आँधी हो जुन बिहीबार क्युसु टापुमा अवतरण भएको थियो । सुरुवाती समयमा २५२ किलोमिटर प्रतिघण्टाको दरमा आएको उक्त आँधीको गति पछिल्लो समयमा ९० किलोमिटर प्रतिघन्टामा झरेको फायर एण्ड डिजास्टर म्यानेजमेन्ट एजेन्सीले जनाइएको छ ।



एजेन्सीका अनुसार आँधीका कारण समाचार तयार पार्दासम्म कम्तीमा छ जनाको मृत्यु भएको भने १२० जनाभन्दा बढी घाइते भएका छन् । पछिल्लो समयमा आँधीको गति घटेसँगै 'डाउनग्रेड' गरिएको, सानसान शनिबार पश्चिमी क्षेत्रबाट पूर्वतिर सर्दै गएको जनाइएको छ ।

आँधीको गति घटे पनि प्रभाव कायम रहेकाले एएनए र जापान एयरलाइन्सले शनिबारका लागि करिब ६० वटा आन्तरिक उडान रद्द गर्दा करिब ७०० यात्रु प्रभावित भएका थिए । यसैगरी बाढीको कारण देखाउँदै मध्यसहर नागोयामा सिकांनसेन बुलेट ट्रेन पनि स्थगित गरिएको थियो ।

जापान मौसम विज्ञान एजेन्सीले बाढीपहिरो तथा नदीमा पानीको उच्च बहावको अनुमान गरी चेतावनी जारी राखेको छ । यसैगरी मध्यगिफु क्षेत्रमा नदीमा उच्च बहावको जोखिमका कारण नजिकैका करिव दुई हजार बासिन्दालाई निकासी चेतावनी जारी गरेको छ भने उत्तरी होक्काइडोका केही सहरमा भारी वर्षा भएको छ । अपरेटरका अनुसार दक्षिणी कागोशीमा क्षेत्रका ३२ हजारभन्दा बढी घर सानसानको प्रभावले गर्दा विद्युत्विहीन भएका छन् । वैज्ञानिकका अनुसार जलवायु परिवर्तनका कारण जापानलगायत अन्य ठाउँमा मौसमी प्रतिकूलता र जोखिम बढिरहेको छ ।

सन् २०२१ अत्यधिक वर्षाका कारण वर्षाले केन्द्रीय रिसोर्ट सहर अटामीमा विनासकारी बाढीपहिरो आउँदा २७ जनाको मृत्यु भएको थियो । यसैगरी सन् २०१८ को वर्षाको मौसममा पश्चिमी जापानमा बाढीपहिरोले २०० भन्दा बढी मानिसको ज्यान लिएको थियो । *रासस/एएफपी*

# बिएमडब्ल्युद्वारा स्वायत्त ड्राइभिङ टेक्नोलोजीको विकासमा जोड

**शेनयाङ–** जर्मन कार निर्माता बिएमडब्ल्यु समूहले उत्तरपूर्वी चीनको लिओनिङ प्रान्तको राजधानी शेनयाङमा रहेको अनुसन्धान र विकास केन्द्रमा यस वर्षको अन्त्यमा सुरु हुने नयाँ सुविधासहितको स्वायत्त ड्राइभिङ प्रविधिको विकासलाई तीव्रता दिने जनाएको छ ।

शेनयाङ केन्द्रले यस वर्ष सेप्टेम्बर र डिसेम्बरमा एक स्वायत्त ड्राइभिङ डेटा प्रोसेसिङ सेन्टर र एक स्वायत्त ड्राइभिङ परीक्षण कार्यशाला खोल्ने योजना बनाएको बिएमडब्ल्यु समूहले जनाएको छ ।



डेटा प्रोसेसिङ सेन्टरले स्वायत्त ड्राइभिङ टेस्ट डेटालाई कुशलतापूर्वक प्रशोधन गर्न मद्दत गर्नेछ । स्वायत्त ड्राइभिङ परीक्षण कार्यशालाले मुख्य रूपमा नयाँ स्थानीय मोडेलका लागि स्वायत्त ड्राइभिङ कार्यहरू प्रमाणीकरण गर्ने छ । चिनियाँ अनुसन्धान र विकास (आरएण्डडी) टोलीले स्वायत्त ड्राइभिङ टेक्नोलोजीको सम्भावना र सीमाहरू विस्तार गर्ने र उच्चस्तरको स्वायत्त ड्राइभिङ टेक्नोलोजीको प्राप्तिमा जोड दिने कार निर्माताले बताए ।

बिएमडब्ल्यु ब्रिलायन्स आरएण्डडी सेन्टरका उपाध्यक्ष प्याट्रिक मुलरले बिएमडब्ल्यु ब्रिलायन्स अटोमोटिभ लिमिटेडले भविष्यमा सेनयाङसँग सवारीसाधन परीक्षण, सूचना आदानप्रदान, स्वायत्त ड्राइभिङ नीति र नियमहरू बनाउने क्षेत्रमा सहकार्य गर्दै यसलाई सुदृढ गर्ने बताए । जर्मन कार निर्माता बिएमडब्ल्यु विश्वव्यापी रूपमा धैरै उत्पादन गर्ने कम्पनी हो । *रासस/सिन्हुवा*

# 'ग्लोबल एआई शिखर सम्मेलन' आयोजना गर्दै साउदी अरेबिया

**रियाद–** साउदी डेटा र आर्टिफिसियल इन्टेलिजेन्स अथोरिटी (एसडिएआइए)द्वारा आयोजित तेस्रो ग्लोबल एआई शिखर सम्मेलन साउदी अरेबियाको रियादमा आगामी सेप्टेम्बर १० देखि १२ सम्म आयोजना हुँदै छ । सम्मेलनमा १०० देशका ३०० भन्दा बढी विशेषज्ञ र निर्णयकर्ताको सहभागिता रहने जनाइएको छ । शिखर सम्मेलनले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) टेक्नोलोजीको क्षेत्रमा विश्वव्यापी अनुभवहरूको समीक्षा गर्ने छ ।

उक्त सम्मेलनमा द्रुतरूपमा विकसित भइरहेको आर्टिफिसियल इन्टेलिजेन्स (एआई) टेक्नोलोजी र यसको प्रभावलाई कसरी रणनीतिक रूपमा सञ्चालन, उत्पादन र मापनका विषयमा केन्द्रित रहने जनाइएको छ । *रासस/क्युएनए*

# बाढीका कारण बलुचिस्तानका १० जिल्लालाई विपद् प्रभावित घोषणा


**बलुचिस्तान (पाकिस्तान)–** बलुचिस्तान सरकारले गम्भीर वर्षापछिको बाढीका कारण १० जिल्लालाई विपद् प्रभावित क्षेत्र घोषणा गरेको एआरवाई न्युजले जनाएको छ । प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएम)का अनुसार प्रभावित जिल्लामा कलात, जियारत, सोहबतपुर, लासबेला, अवारन, काची, जाफराबाद, उस्ता मुहम्मद, लोरालाई र चगाई रहेका छन् । पिडिएमएको पछिल्लो रिपोर्टअनुसार बाढीले कम्तीमा २९ जनाको ज्यान लिएको छ भने १५ जना घाइते भएका छन् ।

रिपोर्टअनुसार बाढीले ८५८ वटा घर पूर्णरूपमा ध्वस्त भएका छन् भने १३ हजार ८९६ वटा आंशिक क्षति भएका छन् । बाढीले कृषि क्षेत्र तथा सडक प्रभावित भएको एआरवाई न्युजले जनाएको छ । पिडिएमएले स्थानीय जिल्ला प्रशासनलाई प्रभावितका लागि सहयोग तथा राहत सुरु गर्न निर्देशन दिएको छ । राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले सिन्धको तटीय क्षेत्रमा थप वर्षाको चेतावनी जारी गरेको छ ।

मौसम प्रतिकुलताले थप समस्या ल्याउने आशंकासहित सम्भावित जोखिम क्षेत्रमा थप बाढी निम्त्याउन सक्ने, एआरवाई न्युजले रिपोर्ट गरेको छ । वर्षा जारी रहँदा, समयमै सहायता प्रदान गर्न बढी प्रभावित गरी जनजीवन सामान्य बनाउने ध्यान केन्द्रित गरिएको छ । *रासस/एएनआई*

# नाटो प्रमुखद्वारा रूसको कुर्कुसमा भएको युक्रेनी आक्रमणको समर्थन

**बर्लिन–** नाटो प्रमुख जेन्स स्टोल्टेनबर्गले रूसको कुर्कुस क्षेत्रमा भएको युक्रेनी आक्रमण युक्रेनको आत्मरक्षा लागि भएको जनाउँदै युक्रेनलाई सीमा क्षेत्रमा आक्रमण गर्ने पूर्णअधिकार रहेको बताएका छन् ।



जर्मन अखबार डी वेल्टसँगको शनिबार प्रकाशित कुराकानीमा उनले युक्रेनलाई अन्तर्राष्ट्रिय कानुनअनुसार आफ्नो रक्षा गर्ने अधिकार रहेको उल्लेख गरेका हुन् । आक्रमणले किएभका सहयोगीको पनि ध्यानाकर्षण गरेको उल्लेख गर्दै स्टोल्टेनबर्गले यसमा पश्चिमी सैन्य गठबन्धनले कुनै भूमिका नखेलेको जनाएका छन् ।

स्टोल्टेनबर्गले युक्रेनको युरोपेली सैन्य उपकरणदाता तथा जर्मनीको प्रतिबद्धतालाई स्वागत गर्दै बर्लिनले अर्को वर्षको बजेटमा किएभलाई सहयोग गर्ने तयारी गरिरहेको बताए । जर्मनीले युक्रेनलाई आवश्यक सैन्य उपकरण सहयोग निरन्तर जारी राख्ने निर्णय सार्वजनिक गर्दा चान्सलर ओलाफ स्कोल्जको सरकार गत हप्ता कडा आलोचनामा परेको थियो । *रासस/एएफपी*

# गुगलद्वारा 'एआई इमेज जेनेरेसन मोडल' अपडेट

**वासिङ्टन–** गुगलले एक महिना लामो अन्तरालपछि आफ्नो 'जेमिनी एप' मा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) इमेज जेनेरेसन मोडल अपडेट भएको घोषणा गरेको छ ।

गुगल जेमिनी एप एआई सहायक प्रविधि हो । यसले रचनात्मकता र उत्पादकतालाई सुपरचार्ज गर्न मद्दत गर्ने सक्ने छ । यो आधिकारिक अनुप्रयोग निःशुल्क छ । गुगलले यस वर्षको सुरुमा उक्त सुविधा रोकेको थियो ।

यो एआई 'टेक्स्ट-टु-इमेज जेनेरेटर इमेजेन-३' उन्नत मोडेलमा सर्ने गुगलले पुष्टि गरेको छ । यो गत मेमा विकासकर्ता सम्मेलनमा पहिलोपटक घोषणा गरिएको थियो ।

अपडेट गरिएको उक्त संस्करणमा 'फोटोरियलिस्टिक ल्यान्डस्केप' र टेक्स्ट कमाण्डमार्फत चित्रहरू सिर्जना गर्ने क्षमता पनि समावेश छ । फोटोरियलिस्टिक ल्यान्डस्केप एक प्रक्रिया हो, जसमा-३ डी मोडेलहरूबाट छविहरू विकास गर्न सकिन्छ । *रासस/क्युएनए*

# भारतको केदारनाथमा हेलिकप्टर दुर्घटना



**केदारनाथ–** मर्मतका लागि विमानबाट गौचर हवाई पट्टी लैजाँदै गरेको एमआई-१७ हेलिकप्टर शनिबार केदारनाथमा दुर्घटनाग्रस्त भएको छ ।

मर्मतको लागि लैजाने क्रममा विमानले सन्तुलन गुमाउँदा दुर्घटनामा परेको थियो । हेलिकप्टरले केही दूरीमात्र तय गरेको अवस्थामा सन्तुलन गुमाउन थालेको जिल्ला पर्यटन अधिकृत राहुल चौबेले बताए ।

'हेलिकप्टरमा कुनै यात्रु वा सामान थिएन । घटनाको जानकारी पाएलगत्तै उद्धार टोली घटनास्थल पुगेको अधिकारीले भने । टोलीले अवस्थाको निरीक्षण गरिरहेको छ,' चौबेले भने । दुर्घटनामा कुनै मानवीय क्षति भने भएको छैन । दुर्घटनाको वास्तविक कारण अझै पत्ता लागिनसकेकाले अनुसन्धान जारी रहेको स्रोतले जनाएको छ । *रासस/एएनआई*

# एससिओ बैठकमा भाग लिन मोदीलाई पाकिस्तानको निमन्त्रणा

**नयाँदिल्ली–** यस वर्ष अक्टोबरमा आयोजना हुने सांघाई सहयोग संगठन (एससिओ) काउन्सिल अफ हेड्स अफ गभर्नमेन्ट (सिएचजी) को व्यक्तिगत बैठकका लागि भारतले पाकिस्तानबाट निमन्त्रणा प्राप्त गरेको छ ।

विदेश मन्त्रालयका आधिकारिक प्रवक्ता रणधीर जयसवालले शुक्रबारको साप्ताहिक मिडिया ब्रिफिङमा इस्लामाबादको निमन्त्रणा पुष्टि गर्दै विदेश मन्त्रालयसँग साझेदारी गर्न कुनै अपडेट नभएको बताए । 'हो, हामीलाई सिएचजीको बैठक (एससिओ बैठक) का लागि पाकिस्तानबाट निमन्त्रणा प्राप्त भएको छ, हामीसँग यसबारेमा कुनै अपडेट छैन, अवस्था के हो पछि थाहा पाउने छौं,' उनले भने ।



जियो न्युजको रिपोर्टअनुसार सिएचजीको 'रोटेटिङ' अध्यक्षता गरेको पाकिस्तानले यस वर्षको अक्टोबरमा इस्लामाबादमा एससिओ बैठकको आयोजना गर्दै छ । पाकिस्तान समाचार आउटलेटले साप्ताहिक समाचार ब्रिफिङका क्रममा पाकिस्तान विदेश कार्यालयका प्रवक्ता मुमताज जहरा बलुचलाई उद्धृत गर्दै पाकिस्तानले इस्लामाबादमा हुने आगामी सिएचजी बैठकका लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलगायत एससिओ सदस्य देशका सबै शासनाध्यक्षलाई निमन्त्रणा दिएको बताएको छ ।

सांघाई सहयोग संगठन सन् २००१ जुन १५ मा कजाकिस्तान, चीन, किर्गिस्तान, रुस, ताजिकिस्तान र उज्बेकिस्तानले स्थापना गरेको स्थायी अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठन हो । हाल एससिओमा भारत, इरान, कजाकिस्तान, चीन, किर्गिस्तान, पाकिस्तान, रुस, उज्बेकिस्तान र ताजिकिस्तानसहित नौ मुलुक सदस्य छन् । *रासस/एएनआई*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - १५२९०० | प्रति तोला - - | प्रति तोला - १८२० |



**दाङको बसपार्क** | दाङको घोराही उपमहानगरपालिका-१४ स्थित सेवारखोला किनारमा रहेको अवस्थित बसपार्क ।
*तस्बिर : कुलदीप न्यौपाने/रासस*

# ‘बुटवललाई आर्थिक राजधानी बनाउन सबै एकजुट हुनुपर्छ’

■ प्रभाव संवाददाता

**लुम्बिनी-** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले बुटवललाई आर्थिक राजधानी बनाउने विषयमा यहाँका जनप्रतिनिधि, नागरिक समाज, स्थानीय सबै एकजुट भएर लाग्नुपर्ने बताएका छन् ।

लुम्बिनी प्रादेशिक अस्पतालको सेवा सुधार तथा विस्तारका बारेमा शनिबार अस्पताल विकास समिति, अस्पताल प्रशासन तथा विभागीय प्रमुखसँगको छलफलमा अर्थमन्त्री पौडेलले बुटवललाई आर्थिक राजधानी बनाउन सरकारले पनि पहल गर्ने बताउँदै यसमा सबैले साथ र सहयोग गर्नुपर्नेमा जोड दिए । यहाँको विकास भनेको प्रादेशिक अस्पताल र यसले दिने गुणस्तरीय सेवासँग पनि जोडिने भएकाले सोहीअनुसार लाग्न सबैलाई आग्रह गरे ।

अर्थमन्त्री पौडेलले बुटवलको विकास र समृद्धिका लागि सबै एकजुट भएर कार्यसम्पदान गर्नुपर्नेमा जोड दिए । उनले सेवा भावकासाथ आफ्नो दायित्व र जिम्मेवारी पूरा गर्न अस्पताल परिवारलाई आग्रह गरे ।

अस्पतालमा निर्माणाधीन अत्याधुनिक १२ तले भवन सम्पन्न भएपछि यहाँको स्वास्थ्य सेवामा ठूलो फड्को मार्न सकिने बताउँदै अर्थमन्त्री पौडेलले सरकारकोतर्फबाट बजेटमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरे । अस्पतालको भवन संरचना बनाउनु मात्रै ठूलो कुरा नभएको उल्लेख गर्दै उनले दक्ष र प्रयाप्त जनशक्ति व्यवस्थापन, स्वास्थ्य उपकरणको व्यवस्थापन पनि महत्वपूर्ण विषय रहेको बताए ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले गुनासोरहित सेवा नागरिकको अपेक्षा रहेको बताउँदै त्यसतर्फ ध्यान दिन अस्पताल प्रशासनलाई आग्रह गरे । शल्यक्रिया तथा अन्य सेवाका लागि महिनौँ कुर्नुपर्ने विषयसँग सम्बन्धित बजारमा आएका टिप्पणी उठाउँदै उनले सुधारका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्न तयार रहेकाले अस्पताल परिवारले पनि जिम्मेवारीपूर्ण काम गर्न आग्रह गरे ।



अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठले प्रदेश सरकारको आयोजनामा निर्माणाधीन भवन निर्धारित समयमा सम्पन्न भई सञ्चालनमा आउने बताए । ‘आयोजना जसले सञ्चालन गरे पनि जनताले कमजोरी तथा ढिलासुस्तीका विषयमा सबैभन्दा पहिलो विकास समिति, अस्पताल प्रशानलाई प्रश्न उठाउने भएकाले अस्पताल परिवारसँग आयोजनाले समन्वय गर्नुपर्छ’, उनले भने । अध्यक्ष श्रेष्ठले आयोजना कार्यान्वयनका लागि समन्वय गर्न प्रदेश पूर्वाधार प्राधिकरणसँग आग्रह गरे । अस्पतालको सेवाका विषयमा बजारमा आएका आलोचनाबारे बोल्दै उनले सीमित जनशक्ति र स्रोतसाधानले ठूलो जनसंख्यालाई सेवा प्रदान गर्नुपरेको स्पष्ट पारे । अस्पतालको क्षमताले थेग्नै नसक्ने गरी सेवाग्राहीको भीड लाग्दा महिनौँसम्म लाइन लाग्नुपर्ने स्थितिको सिर्जना भएको उनले उल्लेख गरे ।

अस्पतालको विभागीय प्रमुखकोतर्फबाट डा वर्षा थापाले हाल उपलब्ध जनशक्ति भन्दा पनि तीनगुणा बढी सेवाग्राहीलाईसेवा उपलब्ध गराउनुपरेको जानकारी गराए ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन (मेसु) डा इन्द्र ढकालले अस्पतालको सेवा सुधार तथा विस्तारका लागि तत्कालीन र दीर्घकालीन योजना बनाएर अघि बढिरहेको जानकारी दिए । अस्पतालमा शल्यक्रिया सेवाका लागि पालो कुर्नुपर्ने समस्यालाई कम गर्न छिट्टै उपकरण तथा कार्यकक्ष थप गर्ने योजनामा रहेको उनले बताए ।

# लुम्बिनी विकास कोषको नीति तथा कार्यक्रम र बजेट पेस

■ प्रभाव संवाददाता

**लुम्बिनी –** लुम्बिनी विकास कोषको आर्थिक वर्ष २०८१/८२ को नीति कार्यक्रम तथा अनुमानित बजेट परिषद्मा पेस भएको छ । बुद्धजन्मस्थल लुम्बिनीमा शनिबार बसेको परिषद् बैठकमा कोषको नीति कार्यक्रम तथा अनुमानित बजेट प्रस्तुत गरिएको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवं लुम्बिनी विकास कोषका अध्यक्ष बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा बसेको परिषद् बैठकमा कोषाध्यक्ष ढुण्डीराज भट्टराईले आन्तरिकतर्फ रु ३७ करोड ११ लाख र नेपाल सरकारको गुरुयोजनाको बहुवर्षीय कार्यक्रमका लागि रु ४४ करोड गरी ७६ करोड ९८ लाखको अनुमानित बजेट परिषद्मा पेश गरेका थिए ।

यस्तै, सदस्यसचिव सानुराजा शाक्यले दोस्रो गौतमबुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार वितरणको प्रक्रिया अगाडि बढाउने, लुम्बिनी वर्ल्ड हेरिटेज कन्फरेन्सका लागि सरकारसमक्ष अनुरोध गर्ने लगायतका कार्यक्रमसहितको नीति कार्यक्रम पेस गरे ।

परिषद्मा पेस भएका नीति कार्यक्रम र बजेटमाथि व्यापक छलफल गरी लुम्बिनीको प्रवर्द्धन, विकास, स्थानीय समुदायसँग जोड्ने र लुम्बिनी विश्व सम्पदाका रूपमा स्थापित गर्नेगरी अर्को बैठकले पारित गर्ने गरी सकिएको कोषले जनाएको छ ।

कोषका अध्यक्षसमेत रहेका मन्त्री पाण्डेले लुम्बिनी विश्वमै नेपाल चिनाउने सम्पदा भएकाले यसको महत्वलाई अझ अन्तर्राष्ट्रियकरण गर्नेगरी स्पष्ट योजना बनाएर अर्को परिषद् बैठकमार्फत पारित गर्ने बताए । परिषद् बैठकपछि नै संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवं लुम्बिनी विकास कोषका अध्यक्ष पाण्डेले बुद्धजन्मस्थल लुम्बिनी भ्रमण गरेका छन् ।

# उत्कृष्ट गन्तव्य म्याग्दीको पुनहिल

**म्याग्दी-** निलो आकाश । पृष्ठभूमिमा सेता हिमालको लामो लर्कन । चारैतिर हरियाली जंगलको बिचमा पहाडको टाकुरा । शान्त वातावरणमा सुनिने चरा र जंगली जनावरको आवाज । भूइँमा झुलेका लेकाली बुकी फूल । कुनै चित्रकारले मेहनतका साथ तयार पारेको क्यान्भास अवलोकन गरेको आभास दिलाउने यो दृष्य म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको पुनहिलमा बिहान देखिएको हो ।

समुन्द्री सतहदेखि तीन हजार दुई सय १० मिटरको उचाईमा रहेको पुनहिलबाट मौसममा सुधार हुन थालेसँगै मनमोहक र रमणीय दृष्य देखिन थालेको छ ।

बेनीका ओक्कार श्रेष्ठले पुनहिलको हरियाली सहितको दृष्यले मोहित बनाएको अनुभव सुनाए । ‘बेनीदेखि पोखरेबगर-घार-शिख-फलाते-चित्रे हुँदै घोडेपानी जोड्ने सडकमा मोटरसाइकल र घोडेपानीदेखि पुनहिल हाइकिङ गर्न २४ जना एक्सपल्स ब्राण्डको मोटरसाइकल प्रयोगकर्ता आएका थियौं,’ उनले भने, ‘कच्ची सडकमा मोटरसाइकल र उकालोमा हिड्दाको सबै थकान पुनहिलको दृष्यले मेटाइदियो ।’

चुरेन, पुथा, गुर्जा, धौलागिरि, मानापाथि, निलगिरि, अन्नपूर्ण, बराह शिखर, माछापुच्छ्रे, लमजुङ र मनास्लु हिमालका साथै सूर्योदयको अवलोकन गर्न पाउँदा उमंग र उत्साह थपिएको धवलागिरि



गाउँपालिका-७ का दिपेन्द्र न्यौपानेले बताए । एकान्त वातावरणमा योग, ध्यान गरेर तनाव व्यवस्थापन गर्नका लागि पनि यो ठाउँ उपयुक्त भएको बेनीका व्यवसायी मुकुन्द शर्माले बताए । ‘शीतल हावापानी र शान्त वातावरणले तनाव भुलायो,’ उनले भने ‘छुट्टी मनाउन र छोटो अवधिको पारिवारिक भ्रमणका लागि पुनहिल उपयुक्त गन्तब्य रहेछ ।’ अन्य समयमा सुख्खा हुने पुनहिल बर्खा ऋतुमा हरियाली हुन्छ ।

घोडेपानीका होटल व्यवसायीसमेत रहेका अन्नपूर्ण गाउँपालिकाका पूर्व अध्यक्ष डमबहादुर पुनले शान्त र एकान्त वातावरण रुचाउने पर्यटकका पुनहिल घुम्न उपयुक्त समय भदौ, असोज र कात्तिक भएको बताए । ‘पुनहिलमा ऋतु अनुसार फरक/फरक दृष्य अवलोकन गर्न सकिन्छ,’ उनले भने ‘एकै ठाउँबाट धेरै हिमाल, वनजंगल, पहाडी भूगोल, सूर्योदय तथा सूर्यास्तको दृष्य अवलोकन गर्न पाउनु पुनहिलको विषेशता हो ।’

पर्यटकीय राजधानी पोखरा नजिकै सहज र आकर्षक गन्तव्य खोज्नेहरूको लागि चक्रीय अन्नपूर्ण पदयात्रामा समेटिएको पुनहिल/घोडेपानी आकर्षक र रोमाञ्चक गन्तव्य हो । पोखरादेखि कास्कीको नयाँपुलसम्म गाडी र त्यहाँदेखि पदयात्रा गरेर एकै दिनमा पुगिने घोडेपानीदेखि आधा घण्टाको उकालो हिँडेपछि पुनहिल पुगिन्छ । म्याग्दीको बेनीदेखि अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगर हुँदै साँढे दुई घण्टामा सवारी साधनमार्फत घोडेपानी पुगिन्छ । पुनहिल र घोडेपानी पदयात्रामा निस्कनेहरू धम्पुस वा घान्द्रुकसम्म घुमेर आउन सक्छन् । घोडेपानीमा बास बसेका पर्यटक सूर्योदय र हिमाल हेर्नका लागि मिर्मिरेमै पुनहिल पुग्छन् । सूर्योदयको बेलामा घामको झुल्कोसँगै देखिने हिमालको सुन्दरताले मन लोभ्याउँछ ।

घोडेपानी होटल व्यवस्थापन उपसमितिका अध्यक्ष मीना पुनले दैनिक एक हजार जना बास बस्न सक्ने २५ वटा सुविधायुक्त होटल रहेको बताए । ‘गुराँसको जंगलको बिचमा अवस्थित घोडेपानीका होटलको कोठाबाटै हिमाल देखिन्छ,’ उनले भने ‘मगर संग्रहालय र संस्कृति तथा जीवनशैली पनि घोडेपानीको आकर्षण हो ।’ वार्षिक ३० हजार जनाको अनुपातमा विदेशी पर्यटकले भ्रमण गर्ने घोडेपानी-पुनहिल क्षेत्र घुम्न सो भन्दाबढी सफ्यामा नेपाली पर्यटक आउने पर्यटक प्रहरी चौकी घोडेपानीले जनाएको छ । पुनहिल भ्रमणका लागि अन्नपूर्ण गाउँपालिकालाई नेपालीले प्रतिव्यक्ति रु ५० र विदेशीले रु एक सय ५० का दरले प्रवेश शुल्क तिर्नुपर्छ । पुनहिलमा प्रवेश शुल्क उठाउन र चिया पसल सञ्चालन गर्न गत वर्ष गाउँपालिकाले रु ६६ लाखमा ठेक्का लगाएको थियो । *रासस*

डेंगीका लक्षणहरू

- उच्च ज्वरो आउनु,
- जोर्नी र माशंपेशीहरूमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरू आउनु,
- वाकवाकी लाग्नु वा बान्ता हुनु ।

यस्ता लक्षणहरू देखापरेमा डेंगी हुनसक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ